# नेपालमा बेपत्ता व्यक्तिहरूका परिवारहरूसँग सम्बन्धित विविध देवानी कानुनी सवालहरू सम्बन्धी प्रतिवेदन

ICRC

प्रतिवेदन

ICRC
रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)
पोष्ट बक्स नंः २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
फोन : ४१०७२८५/४१०७२७९   फ्याक्स्ः ४१०७१३७
ईमेलः kathmandu@icrc.org   वेबः www.icrc.org
© आईसीआरसी, जुलाई २०१५

# नेपालमा बेपत्ता व्यक्तिहरूका परिवारहरूसँग सम्बन्धित विविध देवानी कानुनी सवालहरू सम्बन्धी प्रतिवेदन

तयार पार्ने :
सतीशकृष्ण खरेल
वरिष्ठ अधिवक्ता,
नेपाल

# विषय सूची


**१. परिचय ..... १**

१.१ अध्ययनको पृष्ठभूमि ..... १

१.२ अध्ययनको कार्य क्षेत्र ..... २

१.३ अध्ययनका सीमा ..... २

**२. समस्याहरूको लेखाजोखा ..... ४**

२.१ जबरजस्ती तथा स्वेच्छाविनाको बेपत्ता पार्ने कार्यको कानुनी तथा संवैधानिक मान्यता ..... ४

२.२ स्वेच्छाले तथा स्वेच्छाविना भएका बेपत्ता गर्ने कार्यसँग सम्बन्धित द्वन्द्व पूर्वका कानुन र जबरजस्ती बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका लागि यस्ता कानुनहरूको उपयुक्तता तथा लागू हुने योग्यता ..... ८

२.३ द्वन्द्वको अवधिमा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारहरूसँग सम्बन्धित देवानी सवालहरू ..... १३

२.३.१ मान्यता र परिचयसँग सम्बन्धित सवालहरू ..... १३

२.४ प्रतिनिधित्वसँग सम्बन्धित सवालहरू ..... १६

२.५ अपुताली, सम्पत्तिको नामसारी तथा दायित्वसँग सम्बन्धित सवालहरू ..... १७

२.६ मृत्युको अनुमान गर्ने बाध्यता ..... १८

२.७ बेपत्ता पारिएको व्यक्तिको श्रीमान्/श्रीमतीको पुनर्विवाह र बेपत्ता पारिएको व्यक्तिसँगको वैवाहिक सम्बन्ध विच्छेद ..... १८

२.८ देवरसँग पुनर्विवाह गर्ने बेपत्ता पारिएको व्यक्तिकी श्रीमतीको परिवर्तित वैवाहिक हैसियत ..... १९

२.९ विधवा र बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूका बीचमा भेदभाव ..... १९

**३. सम्भावित समाधानहरू........................................................................................ २०**

३.१ केही सवालहरूमा सरकारको निर्देशन.......................................................... २०

३.२ नेपालका कानुनहरूमा आवश्यक परिवर्तन तथा
यस्ता परिवर्तनहरूको औचित्य............................................................... २१

३.२.१ बेपत्ता पारिएका व्यक्तिका परिवारहरूद्वारा सामना
गरिएका देवानी तथा कानुनी सवालहरूलाई सम्बोधन
गर्नका लागि कानुनी ढाँचा...................................................... २१

३.२.२ प्रचलित कानुनहरूमा संशोधन................................................................२२

**४. यी परिवर्तनहरू गर्नको लागि रणनीतिहरू........................................................ २५**

४.१ नेपाल सरकारसमक्ष औपचारिक निवेदन पेश.................................................. २४

४.२ सञ्चार माध्यमको प्रयोग ................................................ ............................... २४

४.३ राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला
आयोगको समर्थन जुटाउने कार्य ........................................................... २४

४.४ शान्ति तथा पुनर्निर्माण मन्त्रालयका विरुद्ध सार्वजनिक
हितको मुद्दा .. ........................................................................................ २५

४.५ उत्तराखण्डमा बेपत्ता भएका व्यक्तिका परिवारसँग सहकार्य................................ २५

**५. अन्य सिफारिसहरू...................................................................................... २६**

५.१ बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका लागि कानुनी
सूचनाको प्रचार-प्रसार ............................................................................ २६

५.२ निःशुल्क कानुनी सेवा तथा परामर्श उपलब्ध गराउने
वकिलहरूको समूह गठन ..................................................................... २६

# १. परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा २०५२-२०६३ सालसम्म भएको सशस्त्र द्वन्द्वको परिणामस्वरूप उल्लेखनीय मात्रामा मानिसहरू जबरजस्ती बेपत्ता पारिए । बेपत्ता पारिएका धेरै व्यक्तिहरू, अर्थात् रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) को सूचीमा रहेका जम्मा १,३४७ जनाको अवस्था नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको करिब आठ वर्षपछि पनि अझै अज्ञात छ ।[१] यस सूचीमा द्वन्द्वका प्रारम्भिक चरणहरूमा बेपत्ता पारिएका प्रतिवेदनहरू पनि छन् ।

विस्तृत शान्ति सम्झौतामा नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले आफूले बेपत्ता पारेका[२] अथवा बन्दी[३] बनाइएका मानिसहरूका वास्तविक पहिलो नाम, थर तथा ठेगानाका बारेमा जानकारी दिने वचनबद्धता व्यक्त गरेका थिए । यसरी नै दुवै पक्षले द्वन्द्व तथा यातनाबाट पीडितहरूका अधिकारहरू र बेपत्ता व्यक्तिहरूका परिवारहरूको राहत प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गरेका थिए ।[४] विस्तृत शान्ति सम्झौता भनेको सशस्त्र द्वन्द्वका पक्षहरूको हल्का प्रतिबद्धता मात्र होइन, बरु अन्तरिम संविधान, २०६३ को अभिन्न अङ्ग पनि हो । विस्तृत शान्ति सम्झौतालाई अनुसूची ४ मा समावेश गरिएको छ र यसबमोजिम "बेपत्ता पार्ने कार्यबाट पीडित परिवारहरूलाई राहत उपलब्ध गराउन" राज्य बाध्य छ ।[५]

दुर्भाग्यवश, कुनै पनि पक्षले आफ्ना प्रतिबद्धताहरू पूरा गरेका छैनन् । बेपत्ता पारिएका धेरैजसो मानिसहरूको कानुनी अवस्था अझै स्पष्ट नभएको कारणले गर्दा तिनका परिवारहरूले संवैधानिक रूपमा उनीहरूले पाउनुपर्ने सुविधा प्राप्त गर्न सकेका छैनन् । तदर्थ रूपमा दिइएको सामान्य आर्थिक तथा अन्य सहयोगबाहेक यी परिवारहरूले केही पाएका छैनन् ।

---

१ Missing Persons in Nepal, Updated List - 2014, International Committee of the Red Cross, 2014, https:®®www.icrc.org®en®document®missing-persons-nepal-right-know-updated-list-2014#.VQZx_ukcQdU

२ उपधारा ५.२.३, विस्तृत शान्ति सम्झौता, अनुसूची ४, नेपालको अन्तरिम संविधान, २०६३ ।

३ पूर्ववत्, उपधारा ७.३.२ ।

४ पूर्ववत्, उपधारा ७.१.३ ।

५ धारा ३३ (थ), नेपालको अन्तरिम संविधान, २०६३ ।

बेपत्ता पारिएका मानिसहरूका परिवारहरू संवैधानिक तथा राजनीतिक रूपमा सत्य, न्याय तथा अन्य समाधानका हकदार छन् तर पनि राजनीतिक, संस्थागत तथा कानुनी सहयोग प्राप्त नगरेका कारणले गर्दा यी अधिकारहरू उपभोग गर्न उनीहरूलाई सम्भव भएको छैन ।

सशस्त्र द्वन्द्वभन्दा पहिले स्वेच्छाविना तथा जबरजस्ती बेपत्ता पारिएका घटनाहरू कतिसम्म विरलै हुन्थे भने कानुनी प्रणालीमा यससँग सम्बन्धित सवालहरूलाई सम्बोधन गर्ने आवश्यकता नै देखिएन । उपयुक्त कानुनी प्रावधानहरूको यस्तो अभावले गर्दा बेपत्ता पारिएका व्यक्तिका परिवारहरूले अनावश्यक पीडा भोग्नु परिरहेको छ । यस अध्ययनको उद्देश्य यी परिवारसँग सरोकार भएका कानुनी सवालहरूको पहिचान गर्नु तथा त्यस्ता कानुनी तथा प्रशासनिक अभ्यासहरूमा सम्भावित परिवर्तनहरूका बारेमा सुझाव दिनु हो । यी अभ्यासबाट उनीहरूले पीडा पाइरहेका कानुनी जटिलता तथा अन्य समस्याहरूको उन्मूलन अथवा कम्तीमा पनि न्यूनीकरण गर्न सकियोस् भन्ने हो ।

## १.२ अध्ययनको कार्यक्षेत्र

यस अध्ययनमा बेपत्ता पारिएका व्यक्तिका परिवारहरूले सामना गरिरहेका खास कानुनी सवाल तथा जटिलताहरूको पहिचान गर्ने प्रयास गरिएको छ । यस्ता सवाल तथा जटिलताहरूमा अंशबन्डा, अपुताली, नामसारी, नाता कायम र सम्बन्ध विच्छेद पर्छन् ।

यस अध्ययनमा देहायमा लेखिएका स्रोतहरूबाट जानकारी सङ्कलन गरिएको थियो :

१. सान्दर्भिक सङ्गठनहरूद्वारा सञ्चालन गरिएका अध्ययन सम्बन्धी प्रतिवेदनहरू,
२. बेपत्ता पारिएका व्यक्तिहरूका परिवारसँग लिइएका सामूहिक तथा व्यक्तिगत अन्तर्वार्ताहरू,
३. पीडित व्यक्तिहरूसँग संलग्न स्थलगत अध्ययन गर्ने व्यक्तिहरूसँग लिइएका सामूहिक तथा व्यक्तिगत अन्तर्वार्ताहरू,
४. सान्दर्भिक क्षेत्रहरूमा अभ्यास गरिरहेका कानुन व्यवसायीहरूसँग लिइएका अन्तर्वार्ताहरू,
५. हकवालालाई अचल सम्पत्ति हस्तान्तरण गर्ने प्रक्रियाको निरीक्षण गर्नका लागि र बेपत्ता पारिएको कुनै व्यक्तिको सम्पत्ति यसभन्दा अघि कहिल्यै हस्तान्तरण गरिएको छ कि छैन भनी जाँच गर्नका लागि काठमाडौंको मालपोत कार्यालयको भ्रमण,
६. नेपाल राष्ट्र बैङ्कको कानुन विभागसँग भेटघाट तथा त्यहाँका कानुन अधिकृतहरूसँग लिइएको अन्तर्वार्ता,
७. हाल चालू मुद्दाहरूका बारेमा विचारहरू थाहा पाउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा भेटघाट,
८. सर्वोच्च अदालतका सम्पूर्ण सान्दर्भिक कानुन तथा नजिरहरूको समीक्षा ।

अनुसूची १ मा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको सूची, अनुसूची २ मा समीक्षा गरिएका प्रतिवेदनहरूको सूची र अनुसूची ३ मा कानुन तथा मुद्दाहरूको सूची उपलब्ध छन् ।

## १.३ अध्ययनको सीमा

बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका समस्या, जुन धेरै र जटिल छन्, ले विकराल सामाजिक, मनोवैज्ञानिक तथा सांस्कृतिक समस्याहरूबाट उनीहरू पीडित हुन्छन् भन्ने कुरा अन्तर्वार्ताहरूबाट प्रष्ट भएको छ । परिवारभित्रको गतिशीलता (dynamics) मा परिवर्तन आएको कुरा, उदाहरणका लागि, पति गुमाउने पत्नीहरूले अभिव्यक्त गरेका छन् र पहिले उनीहरू जुन नेताहरूप्रति समर्पित थिए, अब उनीहरूको आस्था ती नेताहरूप्रति छैन भनी धेरै परिवारहरू बताउँछन् ।

केहीले गहिरोसँग जरा गाडेका असुरक्षा तथा मानसिक असन्तुलनबाट पीडा भोगिरहेको बताउँछन् । राजनीतिक दलहरू बीचको विवादले गर्दा संवैधानिक रूपमा सुनिश्चित गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग गठन गर्ने कार्यमा हुनुपर्ने प्रगतिमा बाधा पुगेको छ ।

यस अध्ययनको कार्यक्षेत्र देवानी (फौजदारीको विपरीत) कानुनी सवाल तथा सम्भावित समाधानहरूको पहिचान गर्ने कार्यमा सीमित छ । यो अध्ययन देहायमा लेखिएका उद्देश्यहरूमाथि मात्र केन्द्रित छ :

- बेपत्ता पारिएका व्यक्तिका परिवारहरूद्वारा सामना गरिएका देवानी कानुनी सवालहरूको पहिचान गर्ने,
- कानुन तथा प्रशासनिक कार्यविधिहरूमा गर्नुपर्ने परिवर्तनहरूका बारेमा सुझाव दिने,
- सुझाव गरिएका परिवर्तनहरूको कार्यान्वयन नेपाल सरकारद्वारा गराउनका लागि प्रत्यक्ष रूपमा प्रभावित परिवारहरू तथा अन्य सरोकारहरूद्वारा चालिनुपर्ने कदमहरूका बारेमा सुझाव दिने,
- सञ्चार माध्यम तथा रणनीतिक मुद्दा (strategic litigation) तथा सार्वजनिक हितका मुद्दा (public interest litigation – PIL) लगायत आफ्नो पक्षमा समर्थन प्राप्त गर्नका लागि अन्य रणनीतिहरूका बारेमा सुझाव दिने ।

बेपत्ता पारिएका व्यक्तिका परिवारहरूद्वारा सामना गरिएका देवानी कानुनी सवालहरूको समाधान गर्नु मात्र पर्याप्त छैन भन्ने तथ्यमाथि ध्यान दिनुपर्दछ । यसबाट विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानमा उल्लिखित बेपत्ता व्यक्ति तथा तिनका परिवारहरूप्रतिको राज्यको दायित्वको एक अंश मात्र पूरा हुनेछ ।

# २. समस्याहरूको लेखाजोखा

बेपत्ता पारिएका व्यक्तिका परिवारहरूद्वारा सामना गरिएका समस्याहरूका बारेमा थाहा पाउन तथा तिनको लेखाजोखा गर्न सान्दर्भिक कानुनी प्रावधानहरूको गहन अध्ययन आवश्यक हुन्छ । यस अध्यायको पहिलो उप-परिच्छेदमा हाल लागू संवैधानिक तथा कानुनी प्रावधानहरू र सर्वोच्च अदालतका केही सान्दर्भिक निर्णयहरू प्रस्तुत गरिएका छन् । दोस्रो उप-परिच्छेदमा हाल प्रचलित तथा द्वन्द्वभन्दा पहिलेका त्यस्ता कानुनहरूको विश्लेषण गरिएको छ जुन कानुनहरू स्वेच्छाले तथा जबरजस्ती बेपत्ता पारिने घटनाहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् । तेस्रो तथा अन्तिम उप-परिच्छेदमा त्यस्ता समस्या तथा सवालहरू प्रस्तुत गरिएका छन् जुन समस्या तथा सवालहरूको सामना बेपत्ता पारिएका व्यक्तिका परिवारहरूले उनीहरूका आफ्नै प्रतिवेदन तथा अनुसन्धान गर्ने व्यक्तिहरूका प्रकाशित तथा अप्रकाशित कृतिहरू बमोजिम सामना गरिरहेका छन् ।

## २.१ जबरजस्ती तथा स्वेच्छाविनाको बेपत्ता पार्ने कार्यको कानुनी तथा संवैधानिक पहिचान

२०५२ सालमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को विद्रोह सुरु हुनुभन्दा अघि बेपत्ता पार्ने कार्यको सवाललाई सम्बोधन गर्ने नेपाली कानुनका सम्पूर्ण प्रावधानहरूको सम्बन्ध सामान्यतया स्वेच्छाले तथा स्वेच्छाविना बेपत्ता पार्ने कार्य (विशेष गरी द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यसँग होइन) सँग थियो । मानव ओसार-पसार (human trafficking) नेपालमा शताब्दियौदेखि प्रचलित हुँदै आएको छ । स्वेच्छाले बेपत्ता हुने कार्यमा रोजगारी तथा अन्य अवसरहरूको खोजीमा नेपाली पुरुषहरू भारत जानु सामान्य प्रचलनको रूपमा रहेको छ । सजिलैसँग ठग्न सकिने सोझा युवकहरूलाई झुक्याएर भारतका विभिन्न ठाउँमा उनीहरूलाई जबरजस्ती पठाउने स्थानीय दलालमार्फत मुद्दाहरू चलिरहेका छन् । विगतमा, यसरी झुक्याउने कार्य अझ बढी प्रचलनमा थियो । उच्च आर्थिक लाभ तथा केही वर्षपछि स्वदेश फिर्ताको झूटो आश्वासन दिएर युवाहरूलाई फिजी, मरिशस, सुरिनाम, बर्मा र थाइल्याण्डजस्ता टाढाका ठाउँहरूमा उखु खेती तथा कोइला खानीहरूमा बन्धक कामदारहरूको रूपमा प्रयोग गर्नका लागि पठाइन्थ्यो । अधिकांश युवाहरू त्यहाँबाट कहिल्यै फर्केनन् । ती युवाहरू निरक्षर थिए र सञ्चार व्यवस्था पनि प्रभावकारी थिएन । त्यसैले यी व्यक्तिहरू सधैंका लागि बेपत्ता भए । इस्वी असीको दशकमा, जब नेपालीहरूले ठूलो सङ्ख्यामा विदेश भ्रमण गर्न थाले र अन्तर्राष्ट्रिय सम्पर्कमा आउन थाले, पहिलेका यी गन्तव्य मुलुकहरूमा केही नेपाली बस्तीहरू फेला परे ।

समूहमा मानव ओसार-पसारको मात्रा कुन हदसम्म थियो भने यस अपराधलाई १८३० साल र १९१० सालको मुलुकी ऐनको संशोधनमा परिभाषित गरिएको थियो र फौजदारी अपराध बनाइएको थियो । १९८२ साल वैशाख १ गते भन्दा पहिले नेपालमा दास प्रथा कानुनी थियो । मुलुकी ऐनको "जीउ मास्ने, बेच्नेको" महलमा मुख्य रूपमा दास प्रथासँग सम्बन्धित कारोबारहरूको उल्लेख गरिएको छ । ३ नम्बरमा समावेश गर्नका लागि दास प्रथा उन्मूलन भइसकेपछि यस अध्यायमा संशोधन गरियो र भनियो, *"................ हाम्रा सरहदका मानिसलाई ललाई फकाई वा अरू कुनै किसिमबाट पनि बिराना मुलुकको कोइलाखानी र समुद्रपार लान पठाउन हुँदैन-कसैले लगे, पठाए सो लानी पठाउनेलाई कोइलाखानीको कुल्ली काममा भए ७ वर्ष, समुद्रपार भए १० वर्ष कैद गर्नु ।"*

यस प्रावधानको सम्बन्ध सोझै जबरजस्ती बेपत्ता पार्ने कार्यसँग छैन तर यस सवालको ऐतिहासिक सन्दर्भ छ र यसलाई सम्बोधन गर्नका लागि कानुनी प्रावधानहरूको तर्जुमा गरिएको थियो । वास्तवमा बेपत्ता पार्ने कार्यसँग सम्बन्धित धेरैजसो प्रचलित कानुनहरूको तर्जुमा सशस्त्र द्वन्द्वको समयमा भएका जबरजस्ती बेपत्ता पार्ने कार्यको हाल विद्यमान समस्यालाई समाधान गर्नका निमित्त तर्जुमा गरिएका थिएनन् । तिनले खालि बेपत्ता पार्ने सामान्य कार्यलाई सम्बोधन गर्छन् । कुनै पनि वैधानिक कानुनमा जबरजस्ती बेपत्ता पार्ने कार्यलाई विशिष्ट प्रकृतिको अपराधको रूपमा मान्यता प्रदान गरिएको छैन तर अन्तरिम संविधानमा भने यस्तो मान्यता प्रदान गरिएको छ । यसका अतिरिक्त, सर्वोच्च अदालतले जबरजस्ती बेपत्ता पार्ने कार्यलाई स्पष्ट शब्दमा अपराधका रूपमा स्वीकार गरेको छ र यसलाई सम्बोधन गर्नका लागि रिट आदेश जारी समेत गरेको छ ।

अन्तरिम संविधानका देहायमा लेखिएका प्रावधानहरूमा जबरजस्ती बेपत्ता पार्ने कार्यका बारेमा बताइएको छ :

*(क)* **धारा ३३ (थ)** । *राज्यको दायित्व : सशस्त्र द्वन्द्वको क्रमश बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने,*

*(ख)* **विस्तृत शान्ति सम्झौताको उपधारा ५.१.१ (च)** । *"दुवै पक्ष ............ अपहरण/पत्राउ/थुनछेक/बेपत्ता पार्ने कार्य नगर्ने ....... प्रतिबद्धता व्यक्त गर्छन् ।"*

*(ग)* **विस्तृत शान्ति सम्झौताको उपधारा ५.२.३** । *दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मन्जुर गर्दछन् ।"*

*(घ)* **विस्तृत शान्ति सम्झौताको उपधारा ७.१.३** । *"दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुन अनुसार निष्पक्ष छानविन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।"*

*(ङ)* **विस्तृत शान्ति सम्झौताको उपधारा ७.३.२** । *"दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन् । दुवै पक्ष बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन् ।"*

विस्तृत शान्ति सम्झौता नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का बीचमा भएको सम्झौता मात्र होइन, अपितु अन्तरिम संविधानको अनुसूची-४ मा यसलाई समावेश गरिएको छ । सर्वोच्च अदालतले विस्तृत शान्ति सम्झौताको संवैधानिक महत्वलाई स्वीकार गरेको छ : *"संविधान अन्तर्गत स्थापित हकहरूको प्रयोग वा प्रचलनमा शान्ति सम्झौताले पनि प्रतिबद्धता जाहेर गरेको हुँदा हक प्रचलन गराउने प्रयोजनका लागि ... अदालतले शान्ति सम्झौतामा अभिव्यक्त मूल्य वा मान्यताको सम्बन्धमा प्रासङ्गिक रूपमा राज्यको ध्यानाकर्षण गराउन मिल्ने ।*[६]

सर्वोच्च अदालतद्वारा फैसला गरिएका केही मुद्दाहरूमा जबरजस्ती बेपत्ता पार्ने कार्यको सवाललाई स्वीकार मात्र गरिएको छैन, अपितु सरकारी निकायहरूलाई रिट आदेशको माध्यमबाट निश्चित मार्गदर्शन पनि प्रदान गरेको छ । यी मुद्दाहरूमा स्थापित नजिरहरूको सारांश देहायमा लेखिएबमोजिम प्रस्तुत गरिएको छ :

**क. राजेन्द्र ढकाल तथा अन्यका विरुद्ध नेपाल सरकार**
(रिट सङ्ख्या ३५७५ सर्वोच्च अदालतको निर्णय, १८ जेठ २०६४)

यो निर्णय गर्नुभन्दा पहिले, राजेन्द्र ढकाललगायतका बन्दी प्रत्यक्षीकरण सम्बन्धी सबै ८३ वटा चलिरहेका मुद्दाहरूलाई सर्वोच्च अदालतले सँगै राख्यो र यी व्यक्तिहरूलाई जबरजस्ती बेपत्ता पार्ने कार्यको छानबिन गर्नका लागि बन्दी छानबिन कार्यदलको गठन २०६३ साल साउन १२ गते गर्‍यो । बन्दी छानबिन कार्यदलले निष्कर्षसहित बतायो, *"श्री राजेन्द्र ढकाललाई क्षेत्रीय प्रहरी कार्यालय, बेल चौतारा र तनहुँका तत्कालीन प्रहरी निरीक्षक के.बी.आर. (नाम हटाइएको) को कमाण्डमा रहेका १० देखि १२ प्रहरी जवान रहेको प्रहरी टोलीले २०५५ साल पौष २४ गते गिरफ्तार गरेको थियो र त्यसै दिनदेखि उनी बेपत्ता पारिए ।"*

जब यसले २०६४ साल १८ जेठमा आफ्नो फैसला सुनायो, तब सर्वोच्च अदालतले बन्दी छानबिन कार्यदलका न्यायिक निष्कर्षहरूलाई श्री राजेन्द्र ढकाल तथा झगडाका अन्य पक्षहरू साँच्चिकै बेपत्ता पारिएका व्यक्तिहरू हुन् भनी अनुमोदन गर्‍यो र जबरजस्ती बेपत्ता पार्ने कार्यलाई परिभाषित गर्न र फौजदारी अपराध बनाउनका लागि घरेलु कानुनी उपायहरू तर्जुमा गर्न नेपाल सरकारलाई आदेश दियो । यस्ता अपराधका लागि जिम्मेवार भनी फेला परेका अधिकारीहरूमाथि मुद्दा चलाउन र बेपत्ता पारिएका व्यक्ति तथा तिनका परिवारहरूलाई उल्लेखनीय मात्रामा क्षतिपूर्ति दिन पनि यसले नेपाल सरकारलाई आदेश दियो ।

आफ्नो फैसलामा सर्वोच्च अदालतले जबरजस्ती बेपत्ता पार्ने कार्य सम्बन्धी सवालमा कारबाही गर्नका लागि कानुनको अभाव छ भन्ने कुरा स्वीकार गर्‍यो । फैसलामा भनिएको छ, *द्वन्द्वको समयमा तथा शान्तिकालमा बेपत्ता पार्ने कार्यका घटनाहरूलाई सम्बोधन गर्ने सम्बन्धमा कानुनको अभाव छ, गिरफ्तारी, थुना, अपहरण, थुना सम्बन्धी मापदण्ड, पीडितहरू तथा तिनका परिवारहरूका हक-अधिकार र बेपत्ता पारिएका व्यक्तिहरूको प्रभावकारी अनुसन्धान आदि बेपत्ता पार्ने कार्यसँग सम्बन्धित विषयहरूमा पर्याप्त कानुन छैनन् भन्ने पनि पत्ता लाग्यो ।*

जबरजस्ती बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्नका लागि उपयुक्त कानुनको आवश्यकता छ भन्ने तथ्य पनि सर्वोच्च अदालतले व्यक्त गर्‍यो । *सम्बन्धित कानुनको अभावमा, यथार्थ, प्रभावकारी अथवा*

---

६ लीलाधर भण्डारी विरुद्ध नेपाल सरकार, निर्णय नम्बर ८०१२, नेपाल कानून पत्रिका, २०६५, पृष्ठ १०८६ ।

व्यावहारिक अनुसन्धान गर्न सकिँदैन । यसका अतिरिक्त, प्रचलित फौजदारी कानुनअन्तर्गत कुनै पनि प्रावधानहरूमा बेपत्ता पार्ने कार्यसँग सम्बधित कानुनी तथा संस्थागत प्रश्नहरूलाई पर्याप्त मात्रामा सम्बोधन गरिएको छैन । त्यसकारण, यस समस्यालाई प्रभावकारी रूपमा सम्बोधन गर्ने प्रयोजनका लागि तत्काल त्यस्तो कानुनको तर्जुमा गर्नु आवश्यक छ जुन कानुनमा सन् २००६ को जबरजस्ती बेपत्ता पार्ने कार्यबाट सम्पूर्ण व्यक्तिहरूको संरक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Protection of All Persons from Forced Appearance)मा उल्लिखित परिभाषाअनुरूप बेपत्ता पार्ने कार्यलाई परिभाषित गर्दै यो कार्य फौजदारी अपराध हो भन्ने प्रावधान समावेश गरिन्छ । यस कानुनमा थुनामा रहेका व्यक्तिहरूका अधिकार, थुनामा राख्ने अधिकारीहरूका दायित्व, थुनामा राख्ने ठाउँको निर्धारण, थुनामा राखिएका व्यक्तिका वकिल तथा परिवारहरूसँगको सम्बन्ध तथा पहुँच र आफू थुनामा रहेको कारणबारे सुसूचित हुन पाउने थुनामा राखिएका व्यक्तिको अधिकारका सम्बन्धमा प्रावधानहरू समावेश गरिनुपर्छ । यसका अतिरिक्त, थुनामा राखिएको व्यक्तिका लागि उपलब्ध कानुनी उपचार, गैर-कानुनी थुनामा राखिएका व्यक्तिका साथसाथै सम्बन्धित व्यक्ति एवं गैर-कानुनी थुना तथा अथवा बेपत्ता पार्ने कार्यबाट पीडित भएका परिवारहरूका लागि उपलब्ध कानुनी उपचारको उपलब्धता, क्षतिपूर्तिको अधिकार, अनुसन्धानको प्रक्रियामा बाधा नपुऱ्याउने लचिलो कानुनी हद-म्याद, उजुरी दर्ता गर्ने संयन्त्रको उपलब्धता र गैर-कानुनी थुना अथवा बेपत्ता कार्यका सम्बन्धमा यस संयन्त्रको भूमिका, व्यक्तिहरूलाई थुनामा राख्न सकिने ठाउँहरू यी केन्द्रहरू मात्र हुन् भनी किटानसहित औपचारिक रूपमा थुनामा राखिने केन्द्रहरूको निर्धारण, थुनामा राखेको समयमा मानवीय व्यवहार, थुनामा राखिएको समय, थुनामा राख्ने आदेश दिने व्यक्तिको नाम, दर्जा, ठेगाना तथा अन्य सान्दर्भिक विवरणसहित थुनेको अवस्थाका बारेमा पर्याप्त अभिलेख राख्ने कार्य, थुनामा राखिएका व्यक्तिलाई अड्डासार गर्दा यस्ता प्रावधानहरू पालन गर्नुपर्ने दायित्व, थुनामा राखिएका व्यक्तिको सम्पूर्ण अवस्थाका बारेमा थाहा पाउने परिवारहरूको हक-अधिकार, छुटेका भनी बताइएका थुनामा राखिएका व्यक्तिहरू साँच्चिकै छुटेका छन् भनी सुनिश्चित गर्ने प्रक्रियाको कार्यान्वियन र निजको मानसिक तथा शारीरिक अवस्थाका सम्बन्धमा पर्याप्त रेकर्ड राख्ने व्यवस्था सम्बन्धी प्रावधानहरू यसमा हुनै पर्छ । यसमा त्यस्तो प्रावधानको तर्जुमा गर्नु पनि उत्तिकै जरुरी छ जुन प्रावधान बेपत्ता पार्ने कार्यमा संलग्न भनी लागेको अभियोगका लागि पुर्पक्ष गर्नुपर्ने व्यक्तिहरूका साथै बेपत्ता पार्ने कार्यमा प्रत्यक्ष जिम्मेवारी अथवा मतियार भएबापतका लागि सजाय पाएका व्यक्तिलाई माफी दिइँदैन भन्ने अन्तर्राष्ट्रिय मापदण्डको पालन गर्ने प्रावधानको तर्जुमा गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । यस प्रयोजनका लागि, निर्देशिकाका रूपमा जबरजस्ती बेपत्ता पार्ने कार्यबाट सम्पूर्ण व्यक्तिहरूको संरक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Protection of All Persons from Forced Appearance) लाई लिनु वाञ्छनीय छ ।

अन्तमा, अदालतले नेपाल सरकारलाई यसबमोजिम कारबाही गर्न निर्देशन दियो : बेपत्ता पारिएका व्यक्तिहरू बेपत्ता पारिनुका कारणहरू र त्यस्ता व्यक्तिहरूको अवस्थाका बारेमा अनुसन्धान गर्नका लागि आयोग गठनको प्रावधानसमेत समावेश भएको बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षणका लागि कानुन तर्जुमा गर्नका निमित्त आवश्यक कदमहरू चाल्नका लागि यसैद्वारा प्रतिवादीहरू नेपाल सरकार, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी गरिन्छ । यस्तो आयोग माथि उल्लिखित व्यक्तिहरूका बारेमा गहन तथा विस्तृत छानबिन गर्न र छानबिनपछि आफ्ना निष्कर्षहरूका बारेमा प्रतिवेदन पेश गर्न पर्याप्त

*मात्रामा शक्तिशाली हुनुपर्छ । त्यसपछि माथि उल्लिखित प्रतिवदीहरुले प्रतिवेदनका आधारमा अपराधको छानबिन गर्ने कार्य सुरु गर्नुपर्दछ र औचित्य तथा आवश्यकताका आधारमा पुर्पक्ष प्रारम्भ गर्नुपर्दछ ।*

**ख. बाबुराम गिरी विरुद्ध नेपाल सरकार र अन्य**
(निर्णय नं. ८०९६, नेपाल कानुन पत्रिका, २०६६ साल पृ.४१३)

मानव अधिकार संस्था नेपाल मानव अधिकार सङ्गठनका महासचिव श्री बाबुराम गिरीले सर्वोच्च अदालतमा सार्वजनिक हितको मुद्दा सम्बन्धी निवेदन दिए । यस निवेदनमा उनले बेपत्ता पारिएका व्यक्तिहरू पत्ता लगाउनका लागि नेपाल सरकारलाई दबाब दिनका निमित्त नेपाल मानव अधिकार सङ्गठनले गरेका प्रयासहरूका साथसाथै अन्य सरोकारवालाहरूको दबाबको कारणले गर्दा २०६१ साल असार १७ गते राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरू पत्ता लगाउनका निमित्त छानबिन समिति गठन गर्न नेपाल सरकार बाध्य भएको थियो । २०६४ साल साउन १८ गतेका दिन नेपाल मानव अधिकार सङ्गठनले छानबिनका लागि राज्यद्वारा बेपत्ता पारिएका ४३३ जना व्यक्तिहरूको सूची अदालतसमक्ष पेस गऱ्यो तर जब यसले नौ दिनपछि २०६४ साल साउन २६ गते आफ्नो प्रतिवेदन सार्वजनिक गऱ्यो, त्यस समयमा नेपाल सरकारले तीमध्ये खालि २४ जनाको अवस्था मात्र सार्वजनिक गऱ्यो । यसको जवाफमा श्री गिरीले बाँकी ४०९ जनाको अवस्था सार्वजनिक गर्नका लागि नेपाल सरकारलाई परमादेशको रिट अदालतले जारी गरोस् भनी माग गर्दै उनले निवेदन दर्ता गरे । सर्वोच्च अदालतले २०६५ साल वैशाख १० गते निर्णय गर्नुभन्दा पहिलेसम्म करिव ५ वर्षसम्म यो मुद्दा अनिर्णित रह्यो ।

त्यसपछि, बेपत्ता पार्ने कार्य स्वेच्छाले अथवा स्वेच्छाविना जेसुकै भए तापनि बेपत्ता पारिएका व्यक्तिहरू प्रतिको आफ्नो दायित्व पूरा गर्नका लागि नेपाल सरकारका निमित्त निर्देशन सर्वोच्च अदालतले जारी गऱ्यो । सर्वोच्च अदालतले आफ्नो राय व्यक्त गऱ्यो,
*"विपक्षीहरुले लिखित जवाफ पेस गर्दा बेपत्ता पारिएका व्यक्तिहरुको स्थिति पत्ता लगाउन आवश्यक कार्य भइरहेको भनी उल्लेख गरे तापनि निवेदनसाथ संलग्न अनुसूची (१) मा उल्लिखित बेपत्ता नागरिकहरुको स्थिति पत्ता लगाउन यो, यस्तो कारबाही गरेको छ भनी कुनै ठोस र आधारयुक्त तथ्यगत अवस्था एवं विवरण देखाउन सकेको पाईंदैन । ती ४०९ जना नागरिकप्रति समुचित जानकारी राख्नु सरकारको दायित्व हो । ती अज्ञात नागरिक यस धरतीमा छन् वा छैनन्, छन् भने कहाँ, कुन रूपमा छन्, ती बेपत्ता बनाइएका हुन् भने कसले, किन, कहिले र कसरी बनायो वा स्वयम् बेपत्ता भए, बेपत्ता बनाउने कार्यमा को-को संलग्न छन् र यो आपराधिक कार्य हो वा होइन र यदि हो भने तिनका लागि प्रचलित कानुनमा कस्तो सजायको व्यवस्था छ भन्ने प्रश्नहरुको निराकरण हुनुमा नै विधिको शासनको सार्थकता निर्भर रहन्छ ।"*

*"नागरिकप्रति सरकारको अभिभावकीय दायित्व रहन्छ । यो दायित्वभित्र नागरिकको अस्तित्व रक्षाको अधिकारको स्थान सर्वोपरि रहन्छ । नेपालमा प्राचीनतम कानुनी प्रणालीमा त यो दायित्व स्वीकारिएको थियो भने आजको विकसित कानुनी मान्यतामा यस सिद्धान्तलाई इन्कार गर्ने ठाउँ छैन । राज्यद्वारा बेपत्ता बनाइएका हुन् वा अरू कसैद्वारा वा स्वयम् नै बेपत्ता भएका नै किन नहुन् - यी सबैको स्थिति सार्वजनिक गर्ने दायित्व सरकारको हो । यस दायित्वबाट राज्यले उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था नहुँदा रिट निवेदन साथ संलग्न अनुसूची १ मा उल्लिखित बेपत्ता नागरिकहरुको खोजी गर्नू भनी विपक्षीहरुको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।"*

यी दुवै मुद्दामा सर्वोच्च अदालतको दृष्टिकोण उल्लेखनीय रूपमा सकारात्मक छ तर निर्णयमा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारहरूले सामना गरेका समस्याहरूलाई सम्बोधन गरिएको छैन र सायद यस्ता समस्याहरू निर्णय गर्नका लागि सवालहरूका रूपमा नउठाइएको कारणले गर्दा यस्तो भएको हो ।

## २.२ स्वेच्छाले तथा स्वेच्छाविना भएका बेपत्ता गर्ने कार्यसँग सम्बन्धित द्वन्द्व-पूर्वका कानुन र जबरजस्ती बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका लागि यस्ता कानुनहरूको उपयुक्तता तथा लागू हुने योग्यता

बेपत्ता पार्ने कार्यसँग सम्बन्धित प्रचलित कानुनहरू जबरजस्ती बेपत्ता पार्ने कार्यसँग सम्बन्धित सवालहरूलाई सम्बोधन गर्नका लागि तर्जुमा गरिएका थिएनन् तर पनि तिनका केही प्रावधानहरू सशस्त्र द्वन्द्वको अवधिमा भएका जबरजस्ती बेपत्ता पार्नेकार्यका हकमा लागू हुन्छन् ।

**क. मृत्युको अनुमान तथा अभिलेख राख्ने कार्य**
अपुताली सम्बन्धी नेपाली कानुनले सम्पत्ति पाउने भनी तोकिएको व्यक्तिको मृत्यु भएपछि मात्र सो सम्पत्तिको हकवालालाई सम्पत्ति नामसारी गर्ने अनुमति दिन्छ । बेपत्ता पारिएका व्यक्तिको नाममा दर्ता भएको र संयुक्त रूपमा स्वामित्व भएको परिवारको सम्पत्ति (साझा सम्पत्ति) निजको मृत्यु भएको कुरा प्रमाणित नहुन्जेलसम्म निजको पति वा पत्निको नाममा नामसारी गर्न सकिँदैन ।[७]

बेपत्ता पारिएका व्यक्तिको मृत्युसँग सान्दर्भिक २०३१ सालको प्रमाण ऐन र २०३३ सालको जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐनका परिच्छेदहरू तल उद्धृत गरिएका छन् :

**प्रमाण ऐन, २०३१**

**दफा ३२ । "कुनै व्यक्ति जीवित छ भन्ने कुरा प्रमाणित गर्ने भार :** कुनै व्यक्ति जीवित छ वा निजको मृत्यु भइसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिका सम्बन्धमा स्वाभाविक रूपमा जानकारी पाउने व्यक्तिले निजका सम्बन्धमा १२ वर्षदेखि कुनै जानकारी पाएको छैन भन्ने प्रमाणित भएमा, निज जीवित छ भन्ने व्यक्तिले नै सो कुरा प्रमाणित गर्नुपर्छ ।"

**दफा ७ (ग) । अदालतले अनुमान गर्न हुने कुराहरू : अन्यथा प्रमाणित नभएसम्म :**
*(ग) कुनै घटना, मानिसहरूको आचरण वा काम कारोबारको सामान्य क्रम विचार गर्दा तर्कसङ्गत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ ।*

बेपत्ता पारिएको व्यक्तिको मृत्युको अनुमान गर्नका लागि १२ वर्ष नै लाग्छ भन्ने कुरा प्रमाण ऐनको दफा ३२ को आशय होइन । यसको अभिप्राय त के हो भने यदि १२ वर्षसम्म अनुपस्थित भइसकेपछि कुनै व्यक्तिले बेपत्ता पारिएको व्यक्ति जीवित छ भनी दावी गरेका खण्डमा सो दावी प्रमाणित गर्ने भार दावी गर्ने व्यक्तिमाथि नै रहन्छ तर अदालत र मालपोत कार्यालयलगायतका प्रशासनिक कार्यालयहरूले यस दफालाई बेपत्ता पारिएको व्यक्तिको मृत्यु सम्बन्धी दफाका रूपमा व्याख्या गरेका छन् ।

७ मुलुकी ऐन, २०२० को "अपुताली" महलको नम्बर १ र २ ।

उदाहरणका लागि *उमादेवी पोखरेल विरुद्ध लेखनाथ पोखरेलको*[८] मुद्दामा वादीका श्रीमान् १० वर्षभन्दा बढी अवधिसम्म बेपत्ता भएको कारणले गर्दा सर्वोच्च अदालतका सबै न्यायाधीशहरूले वादीका श्रीमान् मृत्यु भइसकेको भनी निर्णय गरेका थिए । त्यसपछि उनीहरूले श्रीमती पोखरेललाई निजको सम्पति माथि पूरा हक प्रदान गरे ।

यहाँ सम्बोधन गरिनुपर्ने प्रश्न हो – १२ वर्षको यही कानुनी अवधि राज्य अथवा माओवादीमध्ये कुनै पनि पक्षद्वारा नागरिक द्वन्द्वको अवधिमा बेपत्ता पारिएको व्यक्तिको मृत्यु सम्बन्धी अनुमान गर्नका लागि लागू हुन्छ कि हुँदैन ? यदि यो लागू हुने हो भने सन्दर्भ र सम्भावित परिणामद्वारा यस्तो अनुमानको माग गरिएको खण्डमा प्रमाण ऐनको दफा ७ अन्तर्गत यस्तो मृत्युको अनुमान गर्ने अधिकार अदालतलाई हुनेछ । यस्तो निर्णयको नजिर अहिलेसम्म स्थापित भइसकेको छैन । यसको कारण सायद यस्तो सवाल अहिलेसम्म (अदालतको माथिल्लो तहमा) नउठेको कारणले गर्दा हो ।

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को सम्बन्ध व्यक्तिको मृत्युको अभिलेख राख्ने कार्यसँग छ : यस ऐनका देहायमा लेखिएबमोजिमका प्रावधानहरू सान्दर्भिक छन् :

**दफा २ (क) परिभाषा :** *विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा : यस ऐनमा :*

**(क) "व्यक्तिगत घटना" भन्नाले कुनै व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइ सराइ सम्झनुपर्छ ।**

*दफा ४ व्यक्तिगत घटनाको सूचना : (१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनका लागि त्यस्तो घटना घटेको पैंतीस दिनभित्र तोकिएबमोजिमको फारम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना गर्नुपर्नेछ ।*

**(ख) जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले," ।**

*दफा ९ दर्ताको मान्यता : दफा ६ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्र व्यक्तिगत घटना भएको छ भन्ने कुराको प्रमाण हुनेछ र त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्ने वैयक्तिक कारोबारमा प्रयोग गर्न सकिनेछ । तर कुनै व्यक्तिले झुट्टा विवरण दाखिला गरी दर्ताको प्रमाणपत्र लिएको रहेछ भन्ने कुरो प्रमाणित हुन आएमा, त्यस्तो दर्ताको प्रमाणपत्र रद्द हुनेछ ।*

बेपत्ता पार्ने कार्यलाई व्यक्तिगत घटनाको रूपमा ठानिएको छैन र बेपत्ता भएको मितिको अभिलेखन यस ऐनअन्तर्गत अहिलेसम्म गर्न सकिँदैन । त्यसकारण प्रमाण ऐनको दफा ३२ आकर्षित गर्नका निमित्त बेपत्ता पारिएका व्यक्तिहरूका परिवार, अदालत तथा अन्य प्रशासनिक अधिकारीहरूद्वारा निर्धारित कानुनी प्रावधानअन्तर्गत जारी गरिएको ठोस प्रमाणपत्रभन्दा स्थानीय व्यक्तिहरूले गरेको सर्जमिनमाथि निर्भर रहनुपर्ने स्थिति छ ।

गाउँ विकास समितिका सचिवहरू जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐनअन्तर्गतका

---

८ उमादेवी पोखरेल विरुद्ध लेखनाथ पोखरेल, निर्णय नम्बर १५२६, नेपाल कानून पत्रिका, २०३९, पृष्ठ १ ।

व्यक्तिगत घटनाहरू दर्ता गर्ने व्यक्तिका रूपमा पञ्जिकाधिकारी तोकिएका छन् । बेपत्ता व्यक्तिको सम्पत्तिको उत्तराधिकारका सम्बन्धमा कुनै विवाद नभएका सामान्य घटनाहरूमा केही स्थानीय व्यक्तिहरूले बेपत्ता पारिएको व्यक्तिको मृत्यु भएको हो भनी बयान दिइसकेपछि बेपत्ता पारिएको व्यक्तिको मृत्युको प्रमाणपत्र अनुरोध गरेका खण्डमा गाविस सचिवले उपलब्ध गराउन सक्छन् ।

**ख. बेपत्ता पारिएको व्यक्तिको प्रतिनिधित्व गर्ने अधिकारसँग सम्बन्धित कानुनहरू**

मुलुकी ऐनको अदालती बन्दोबस्त सम्बन्धी महलले आफ्नो मुद्दामा आफ्नो वारेस राख्नका लागि ३५ दिनको थप म्याद बेपत्ता पारिएका व्यक्तिको उत्तराधिकारीलाई प्रदान गरेको छ । यस विशेष सुविधाको प्रयोग गर्नका लागि उत्तराधिकारीले सम्बन्धित व्यक्ति बेपत्ता पारिएको मितिले ३५ दिनभित्र आफ्नो त्यस्तो प्रमाण मुद्दामा पेस गर्नैपर्छ । यस महलका यथार्थ प्रावधानहरू देहायमा लेखिए बमोजिम छन् :

**मुलुकी ऐनको "अदालती बन्दोबस्त" को ६२ (३) ।**
*ऐनले बिगो भर्नु भराउनु दिनु दिलाउनु वा सम्पत्ति चलन चलाउनु लिनुपर्ने मुद्दाका म्याद तारिखमा हाजिर हुनुपर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारिख गुज्रेमा मरी वा बौलाहा वा बेपत्ता भएको मितिले बाटाका म्याद बाहेक पैंतीस दिनभित्र निजको दैयादारले म्याद तारिख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भै निवेदनपत्र दिएमा म्याद तारिख थामी दिई मुद्दा सकार गराई दिनुपर्छ तर मरी वा बौलाहा वा बेपत्ता भएको मितिको पैंतीस दिनपछिको म्याद तारिख तोकिएको रहेछ भने सो तोकिएको तारिखको दिन अड्डामा हाजिर भै मुद्दा सकार गर्नका लागि निवेदनपत्र दिए पनि सकार गराई दिनुपर्छ ................३*

यस प्रावधानबमोजिम कुनै व्यक्ति सर्वप्रथम बेपत्ता भएको छ भनी सूचना प्राप्त भएको मितिको पैंतीस दिनभित्र कुनै व्यक्ति साँच्चिकै बेपत्ता भएको हो कि होइन भनी निर्णय गर्ने काम बेपत्ता भएको व्यक्तिको कानुनी उत्तराधिकारीको कर्तव्य हुन्छ ।

छोटकरीमा भन्ने हो भने (मुद्दा मामिलामा तारिख थाम्ने विषयमा) कुनै व्यक्ति बेपत्ता भएको पहिलो दिनदेखि ठीक ३५ दिनभित्र हराएको व्यक्तिलाई "बेपत्ता पारिएको व्यक्ति" भनी घोषणा गर्नु कानुनी दायित्व छ तर व्यवहारमा यस्तो व्यक्तिको अचल सम्पत्ति हस्तान्तरण गर्नका लागि १२ वर्ष पर्खनुपर्ने समय अवधि लागू गरिएको छ ।

**मुलुकी ऐनको 'दण्ड-सजाय' महलको नं. २४ ।** यस अध्यायमा जबरजस्ती बेपत्ता पार्ने कार्य गरेको भनी अभियोग लागेको व्यक्तिका दण्ड-सजायका खास रेकर्डहरू खास अवधिका लागि लगत काटिदिने सम्बन्धी प्रावधानहरू छन् ।

**बेपत्ता पारिएका व्यक्तिका केटाकेटीहरूको हेरचाह सम्बन्धी दायित्व**

**मुलुकी ऐनको महल "गरीब कङ्गाल" को नम्बर ३ । यस महलमा देहायमा लेखिएका शर्तमा नाबालकको पालन-पोषणलाई सम्बोधन गरिएको छ :**

*"बाबु मरी वा बेपत्ता भएको अवस्थामा आमा पोइल जाने देहायका अवस्थाका नाबालकको देहायबमोजिम पालन-पोषण गर्नु, गराउनुपर्छ ...............*

*नाबालकको उमेर तीन वर्षभन्दा कम रहेछ भने एकाघरका अरू हकदारले त्यस्ता नाबालकलाई आमाकै साथ लगी पालन पोषण गराउने मञ्जुर गरेमा वा त्यस्तो हकदार नै कोही नभएमा सो पोइल जाने, लैजाने लोग्ने स्वास्नीले सो नाबालकलाई आफ्नै साथमा राखी पालन पोषण गर्नुपर्छ ।"*

**ग. जबरजस्ती बेपत्ता पार्ने कार्यसँग सम्बन्धित अन्य ऐनहरू**

जनआन्दोलनको सफलता तथा संसद्को पुन:स्थापनापछि सैनिक ऐन, २०६३ लागू भयो । यो ऐन लागू गर्ने समयमा अत्यधिक अपेक्षा जबरजस्ती बेपत्ता पार्ने कार्यलाई गम्भीर फौजदारी अपराध बनाइन्छ भन्ने थियो । यसरी जबरजस्ती बेपत्ता पार्ने कार्य गर्ने सेनाका अधिकृतलाई दण्ड-सजाय गर्नका लागि यस ऐनमा विशेष प्रावधान समावेश गरिएको छ । यस सम्बन्धी प्रावधान अर्थात् दफा ६२ मा लेखिएको छ :

**"६२ भ्रष्टाचार, चोरी, यातना र बेपत्ताको कसुर सम्बन्धी विशेष व्यवस्था :**

*(१) प्रचलित कानुनबमोजिम भ्रष्टाचार, चोरी, यातना र बेपत्ता गरेको ठहरिने कार्य गरेमा भ्रष्टाचार, चोरी, यातना र बेपत्ता सम्बन्धी कसुर गरेको मानिनेछ ।*

*(२) उपदफा (१) अन्तर्गतका कसुरको अनुसन्धान तथा तहकीकात गरी मुद्दा दायर गर्ने प्रयोजनका लागि देहायबमोजिमको समिति रहनेछ :*

*(क) नेपाल सरकारले तोकेको नायव महान्यायाधिवक्ता - अध्यक्ष*

*(ख) रक्षा मन्त्रालयको कानुन शाखा प्रमुख - सदस्य*

*(ग) प्राड विभागको कम्तीमा सेनानी स्तरको प्रतिनिधि - सदस्य*

*(३) उपदफा (२) को खण्ड (ग) मा उल्लिखित प्रतिनिधि सम्बन्धित मुद्दाको सैनिक अदालतसँग सम्बद्ध नभएको व्यक्ति हुनुपर्नेछ ।*

*(४) उपदफा (१) अन्तर्गतका मुद्दाका शुरु कारबाही र किनारा गर्ने अधिकार दफा ११९ को उपदफा (१) बमोजिम गठित सैनिक विशेष अदालतलाई हुनेछ ।*

*(५) उपदफा (२) बमोजिमको समितिलाई प्रचलित कानुन बमोजिम तत्-तत् मुद्दाको सम्बन्धमा अनुसन्धान तथा तहकीकात गर्ने अधिकारीलाई भए सरहको अधिकार हुनेछ ।*

कुनै पनि कानुनमा बेपत्ता पार्ने कार्यलाई आपराधिक कार्य नबनाइएको कारणले गर्दा माथि उल्लिखित दफाका प्रावधानहरू कम्तीमा पनि जबरजस्ती बेपत्ता पार्ने कार्यसँग सम्बन्धित कसुरका प्रावधानहरू व्यवहारमा प्रभावकारी भएका छैनन् ।

**घ. अपुताली तथा परिवारमा अंशबण्डासँग सम्बन्धित कानुनहरू**

**(१) साझा पारिवारिक सम्पत्ति**

छिमेकी मुलुकहरूका कानुनभन्दा फरकरूपमा नेपालको कानुनी व्यवस्थामा विवाहसँग सम्बन्धित अपवादका केही घटनाहरूबाहेक कुनै व्यक्तिको अथवा परिवारको धर्ममा आधारित "व्यक्तिगत कानुन" को अवधारणा विद्यमान छैन । मुलुकी ऐनमा उल्लेख गरिएजस्तो साझा पारिवारिक सम्पत्तिको अंश तथा अपुताली सम्बन्धी कानुन सबैका लागि बराबररूपमा लागू हुन्छन् ।

मुलुकी ऐन भाग "अंशबण्डाको" नम्बर १-५ सम्ममा संयुक्त परिवारको सम्पत्तिको अंशबण्डासँग सम्बन्धित प्रावधानहरू छन् । मृत व्यक्तिको परिवारका सम्पूर्ण सदस्यहरू अर्थात् बाबु, आमा, श्रीमती, छोराहरू र अविवाहित छोरीहरूको त्यस्तो साझा सम्पत्तिमा बराबर हक लाग्छ जुन सम्पत्तिमाथि मृतकले दावी गर्न सक्दथ्यो ।

यदि कुनै व्यक्तिले आफ्नो व्यक्तिगत ज्ञान, प्रयास अथवा सीपको माध्यमबाट सम्पत्ति आर्जन गरेको छ भने उसले त्यस्तो सम्पत्ति आफ्ना अंशियारहरूसँग भाग लगाउनु पर्दैन भनी यसै भागको नम्बर ८ मा भनिएको छ । यस्तो सम्पत्तिलाई निजी आर्जन भनिन्छ ।

तर न बाबुको, न त आमाको निजी आर्जन अथवा श्रीमतीका लागि श्रीमान्‌को आर्जनलाई क्रमश:

छोरा-छोरी अथवा श्रीमतीहरूले निजी सम्पत्तिको रूपमा दावी गर्न पाउँछन्, यसको विपरीत यस्तो आर्जनलाई संयुक्त परिवारमा सबै अंशियारहरूका बीचमा अंशवन्डा हुनै पर्दछ ।[९]

निजी आर्जन हो भनी ठोस प्रमाणद्वारा अन्यथा प्रमाणित नभएसम्म कुनै पनि अंशियारको नाममा दर्ता भएको सम्पत्ति तथा कुनै परिवार सगोलमा रहेको समयमा आर्जन गरेको सम्पति सगोलको सम्पति भनी अनुमान गरिनेछ ।[१०] सर्वोच्च अदालतले गरेका धेरै फैसलाहरूले यस अवधारणाको पुष्टि गरेका छन् । सर्वोच्च अदालतका दृष्टिमा कुनै सम्पत्ति व्यक्तिगत रूपमा आर्जन गरिएको सम्पति हो भनी राजिनामामा लेखिएको कुनै पनि वक्तव्यबाट सगोलको स्वामित्वको अनुमानलाई चुनौती दिन सक्दैन ।[११]

मुलुकी ऐनको महल १६ (अपुतालीको) मा पनि यससँग सान्दर्भिक व्यवस्थाहरू छन् । यस महलको २ नं. मा अपुताली पर्दा लोग्ने, स्वास्नी, छोराहरू, अविवाहित छोरीहरू नातिहरू र अविवाहिता नातिनीहरूलाई यस महलका अन्य प्रावधानहरूको अधिनमा रही पुर्ख्यौली सम्पत्तिमा बराबर हक हुन्छ ।

**(२) बैङ्क निक्षेपमा अपुताली**

**बैङ्क अपुतालीका सम्बन्धमा**

मुलुकी ऐनका तुलनामा बैङ्किङ तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ लागू हुन्छ । अपुतालीमा परेको व्यक्तिको बैङ्क निक्षेपका बारेमा यस ऐनको दफा ८१ मा देहायमा लेखिएबमोजिम धेरै प्रावधानहरू समावेश गरिएका छन् :

"निक्षेपउपरको हकदाबी : (१) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेपउपर सो निक्षेप राख्ने व्यक्तिबाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाइएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ, सोही व्यक्तिको त्यस्तो निक्षेपउपर पहिलो हक दाबी लाग्नेछ :

(क) सगोलको पति वा पत्नी
(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री
(ग) सगोलको बाबु, आमा, छोरापट्टिको नाति वा नातिनी
(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,
(ङ) सगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहित दिदी वा बहिनी
(च) सगोलको भजिता, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरापट्टिको नाति वा अविवाहित नातिनी
(छ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाइ बुहारी वा नातिनी बुहारी
(ज) भिन्न बसेको दाजु वा भाइ
(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी बुहारी वा भतिजा ।

(२) उपदफा (१) बमोजिमको क्रममा कोही नभएको अवस्थामा त्यस्तो निक्षेपउपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतप्राप्त संस्थामा रहेको निक्षेप उपदफा (१) बमोजिम हक पुग्ने व्यक्तिको मन्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइनेछैन ।

९ सावित्री थापा र अन्यका विरुद्ध पार्वती थापा, नेपाल कानून पत्रिका, २०६४, पृष्ठ १५० ।
१० प्रमाण ऐन, २०३१ को दफा ६(क) ।
११ सोनमादेवी सोनार्नी विरुद्ध रामेश्वरदेवी सोनार्नी, नेपाल कानून पत्रिका, २०४४, पृष्ठ ५४ ।

माथिका प्रावधानहरू धेरै स्पष्ट छन् । ती प्रावधानहरूले १२ वर्षको अवधि अथवा मृत्युको अन्य कुनै प्रमाणमा आधारित सम्बन्धित गाविसद्वारा जारी गरिएको मृत्युको प्रमाणविना बैङ्क खाताबाट रकम नामसारी गर्न सकिँदैन ।

**निवृत्तिभरण तथा अन्य प्रतिफलहरूको हस्तान्तरण**
बेपत्ता पारिएको व्यक्तिको निवृत्तिभरण तथा अन्य सुविधाहरूका सम्बन्धमा सम्बन्धित संस्थाका नियुक्ति सम्बन्धी नियमहरू लागू हुनेछन् । तर यस्ता धेरै विषयहरूमा बेपत्ता पारिने कार्यसँग सम्बन्धित विशेष नियमहरू छैनन् । ती नियमहरू खालि त्यस्ता घटनाहरूसँग सम्बन्धित छन् जुन घटनाहरूमा मृत्यु भएको कुरा प्रमाणित छ ।

## २.३. द्वन्द्वको अवधिमा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारहरूसँग सम्बन्धित देवानी सवालहरू

### २.३.१ मान्यता र परिचयसँग सम्बन्धित सवालहरू

#### २.३.१.१ बेपत्ता पार्ने कार्यलाई प्रमाणित तथा अभिलिखित गर्ने समस्याहरू

संविधानमा जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई स्वीकार गरिएको छ तर कुनै व्यक्ति बेपत्ता पार्ने कार्यलाई मान्यता प्रदान गर्न अथवा अभिलिखित गर्न अथवा प्रमाणित गर्नका लागि कुनै पनि वैधानिक कानुन तर्जुमा गरिएको छैन भन्ने तथ्य बेपत्ता पारिएका व्यक्तिका परिवार तथा अनुसन्धान गर्ने व्यक्तिहरूसँग लिइएका अन्तर्वार्ताहरूबाट प्रकट भएको छ । वास्तवमा, कुनै पनि प्रकारको बेपत्ता पार्ने कार्यलाई प्रमाणित गर्नका लागि अथवा अभिलिखित गर्नका लागि कुनै पनि कानुनी कार्यविधि तोकिएको छैन । स्थानीय शान्ति समिति अथवा जिल्ला प्रशासन कार्यालयहरूमा निवेदन दर्ता गर्ने तदर्थ प्रकृतिका संयन्त्रहरूलाई कानुनद्वारा अझै मान्यता प्रदान गरिएको छैन र तिनले गरेका सिफारिसहरू सरकारद्वारा प्रदान गरिएका सुविधाहरू लिनका लागि मात्र उपयोगी छन् ।

कम्तीमा पनि देहायमा लेखिएका दुई कुरा प्रमाणित गर्ने खालका बेपत्ता पारिएको प्रमाणपत्रको आवश्यकता छ भनी अन्तर्वार्ता लिइएका व्यक्तिहरूमध्ये धेरैजसो व्यक्तिहरूले व्यक्त गरेका थिए भन्ने तथ्य अन्य सरोकारवालाहरूद्वारा गरिएका अध्ययनमा पत्ता लागेको थियो :

(क) परिवारका सदस्य बेपत्ता पारिएको र
(ख) बेपत्ता पारिएको व्यक्तिसँग प्रमाणपत्र पाउने व्यक्तिको नाता-सम्बन्ध ।

बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूले नागरिकताको प्रमाणपत्र लिनका लागि आवेदन दिने समयमा र नाता-सम्बन्धको प्रमाणपत्र, सिफारिस र यस्तै अन्य प्रमाणपत्र हासिल गर्ने कार्यमा उनीहरूले भोगिरहेका दु:खका बारेमा बताएका थिए ।[१२]

#### २.३.१.२ बेपत्ता पारिएको व्यक्तिसँगको वैवाहिक तथा पैतृक सम्बन्ध कायम गर्ने कुरामा समस्या

१२ Report of the Targeted Group Discussion on the Financial and Social Situations of Wives in the Families of the Disappeared conducted on Poush 1, 2069 B. S. Manpur Tapara, Bardia, International Center for Transitional Justice (ICTJ).

बेपत्ता पारिएका व्यक्तिका पत्नीहरूले आफ्ना समुदायहरूबाट सामाजिक तथा सांस्कृतिक दबाबहरूको सामना गर्छन् ।[१३] सशस्त्र द्वन्द्वको समयमा त्यसमा संलग्न किशोर किशोरीहरूले आफना् बाबु-आमा र अन्य नातेदारहरूको जानकारीविना नै पार्टीका कार्यकर्ताहरूसँग फिल्डमा बिवाह गर्नु सामान्य कुरा थियो । शान्ति सम्झौतापछि, यदि विशेष गरी देहायमा लेखिएको परिस्थितिका हकमा यदि पति बेपत्ता पारिएका छन् अथवा मरेका छन् भने त्यस्ता व्यक्ति पति भएका परिवारहरूले बुहारीहरूलाई सजिलै स्वीकार गर्दैनन् भन्ने कुरा पत्ता लगाए :

१. बच्चा जन्मेको छैन भने अथवा
२. श्रीमती दलित छिन् भने ।

अस्वीकार गर्न उत्प्रेरित गर्ने अन्य तत्वहरूमा देहायमा लेखिएबमोजिमका तत्वहरू समावेश थिए :

१. आर्थिक : बेपत्ता पारिएका अथवा मृत व्यक्तिका पत्नीहरूको हेरचाह गर्ने थप दायित्व नातेदारहरू लिन न चाहन्थे, न त उनीहरू त्यस्ता बुहारीहरूसँग सम्पत्ति अंशवन्डा गर्न, यदि उनले सो सम्पत्ति पाइसकेपछि पुनर्निवाह गर्ने कुरा रोजिन् भने त्यस्तो अवस्थामा सम्पत्ति अंशवन्डा गर्नका लागि बाध्य हुन चाहन्थे ।
२. सामाजिक : दलितलाई बुहारीका रूपमा उनीहरूले स्वीकार गरेका खण्डमा, विशेष गरी बेपत्ता पारिएको अथवा मारिएको व्यक्तिसँग उनले साँच्चिकै विवाह गरेको प्रमाण उनीहरूसँग नभएका खण्डमा तिनका परिवारहरू समाजबाट जातिच्युत हुने अथवा बहिष्कार गरिने सम्भावनाको सामना गर्न चाहँदैनथे ।

यसरी गरिएका अस्वीकारहरूले गर्दा आफ्नो विवाह अथवा बच्चाको जन्म दर्ता गर्नुका साथसाथै बेपत्ता पारिएको अथवा मारिएको व्यक्तिसँग नाता-सम्बन्धको प्रमाणपत्र प्राप्त गर्न प्रायः त्यस्ता व्यक्तिका पत्नीहरूलाई कठिन बनायो ।

नाता-सम्बन्ध प्रमाणित नभएका केही घटनाहरूमा त बेपत्ता पारिएका व्यक्तिका पत्नी तथा बाल-बालिकाहरू परिवारका सदस्यहरूलाई दिइने सुविधा तथा सरकारी भत्ताहरूबाट वञ्चित भएका छन् ।[१४] एकजना महिला त दोस्रो पटक विवाह गर्न बाध्य भएकी थिइन् किनभने उनले नागरिकताको प्रमाणपत्र अथवा बेपत्ता पारिएका श्रीमान्सँगको नाता-सम्बन्धको प्रमाणपत्र पाउन सकेकी थिइनन् ।[१५] यस्ता धेरै घटनाहरू छन् भन्ने कुरालाई अस्वीकार गर्न सकिन्न । सर्वेक्षणमा समावेश गरिएका (जम्मा १,४०० मध्ये मोटामोटी ३० प्रतिशत) बेपत्ता पारिएका व्यक्तिहरूका ३९४ श्रीमतीहरूमध्ये १४.५ प्रतिशतसँग मात्र अचल सम्पत्तिमाथि कुनै प्रकारको हकको प्रमाणपत्र थियो ।[१६]

यस सवाललाई त्यस्तो परिचयपत्र उपलब्ध गराएर कानुनी रूपमा समाधान गर्न सकिन्छ जुन परिचयपत्रमा बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरूलाई प्रमाणित गरिन्छ तथा मान्यता प्रदान गरिन्छ । यस्ता कार्ड तथा सिफारिसहरूको समेत प्रयोग बेपत्ता पारिएका व्यक्तिका परिवारमा सम्पत्ति नामसारी गर्ने झन्झटिलो प्रक्रियालाई सहजीकरण गर्नका निमित्त प्रयोग गर्न सकिन्छ भनी बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूले सुझाव दिए ।[१७] धादिङमा भएको समूहगत छलफलमा सरकारले एक पटक बेपत्ता पारिएको व्यक्तिका रूपमा कुनै व्यक्तिलाई

१३ ICTJ Briefing, August 2013, p. 9
१४ ICTJ case study of Badhalpur-8, Bardiya.
१५ ICTJ case study of Archana Chaudhary, Badhalpur-9, Jayapur, Bardiya.
१६ ICTJ Briefing, August 2013, p. 7.
१७ Report of the Targeted Group Discussion on the Financial and Social Situations of Wives in the Families of the Disappeared conducted on Poush 1 and 2, 2069 B. S. Gularia and Manpur Tapara, Bardia, ICTJ.

मान्यता प्रदान गरिसकेपछि उसको सम्पूर्ण चल तथा अचल सम्पत्तिमाथिको अधिकार उसकी पत्नीका नाममा नामसारी गरिनुपर्छ भनी बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूले सुझाव दिएका थिए ।[१८]

### २.३.१.३ राजनीतिक द्वन्द्वको अवधिमा मारिएका अथवा बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका लागि परिचयपत्र जारी गर्ने निर्देशन, २०६९

बाबुराम भट्टराई प्रधानमन्त्री भएको समयमा राजनीतिक द्वन्द्वको अवधिमा मारिएका अथवा बेपत्ता पारिएका व्यक्तिका परिवारहरूलाई परिचयपत्र जारी गर्नका लागि नेपाल सरकारले निर्देशन जारी गरेको थियो । २०६९ सालको यस निर्देशनको क्षेत्र देहायमा लेखिएबमोजिमका द्वन्द्वलगायत विभिन्न प्रकारका द्वन्द्वहरूमा मारिएका अथवा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई परिचयपत्र उपलब्ध गराउनु थियो :

क. माओवादी जनयुद्ध
ख. ऐतिहासिक जन आन्दोलन
ग. मधेश तराई आन्दोलन
घ. जनजाति आन्दोलन
ङ. दलित तथा पिछडिएका मानिसहरूको आन्दोलन
च. चुरे-भावर आन्दोलन र
छ. न्यायोचित मागका लागि गरिएका अन्य समुदायहरूका आन्दोलनहरू

यस निर्देशनको उद्देश्य मारिएका तथा बेपत्ता पारिएका व्यक्तिका परिवारहरूलाई परिचयपत्र वितरण गर्नु थियो । यी कार्डहरूबाट सरकारी अनुदान, क्षतिपूर्ति तथा अन्य आर्थिक सहयोगमा लाभान्वित हुने परिवारहरूको पहुँच बढाउन मदत हुनेछ भन्ने अपेक्षा गरिएको थियो । यस्तो परिचयपत्रका लागि निवेदनका साथसाथै यस्ता निवेदन दर्ता गर्ने र कार्ड जारी गर्ने प्रक्रिया निर्देशनमा व्याख्या गरिएको छ ।

नेपाल सरकारद्वारा स्वीकृत गरिएको मितिदेखि यो निर्देशन लागू हुनेछ भनी दफा १.२ मा भनिएको छ तर यी कार्डहरू कुन अधिकार अथवा कानुनका आधारमा जारी गरिएका हुन् भनी कुनै पनि कुराको उल्लेख गरिएको छैन ।

यो निर्देशन असंवैधानिक र यसलाई बदर गरिनुपर्छ भनी सुमन अधिकारी र अरूहरूले नेपाल सरकारका विरुद्ध सार्वजनिक हितमा मुद्दा दायर गरे ।[१९]

सर्वोच्च अदालतको डिभिजन बेन्चले २०७० साल श्रावण २८ गतेका दिन निर्देशनको कार्यान्वयन रोक्न र यथास्थिति कायम गर्न अन्तरिम आदेश जारी गर्‍यो : *यस सवालका बारेमा अन्तरिम आदेश जारी गर्नुपर्ने या नपर्ने सम्बन्धमा विचार गर्दा, २०६९ सालको राजनीतिक द्वन्द्वको अवधिमा मारिएका अथवा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई परिचयपत्र जारी गर्ने निर्देशनमा समावेश गरिएका शर्तहरू अन्तरिम संविधान, २०६३ को धारा ३३ मा अभिव्यक्त शर्तहरूको क्षेत्रभन्दा पर छन् र द्वन्द्वका सबै पक्ष तथा द्वन्द्वका सबै पीडित व्यक्तिहरू यस सवालमा समावेश गरिएका छन् कि छैनन् भन्ने कुरा विद्यमान छ र मन्त्रिपरिषद्द्वारा यस्तो निर्देशन जारी गर्ने कानुनी आधार स्पष्ट पारिएको छैन । त्यसकारण संविधानबमोजिम अथवा न्यायिक प्रस्तावद्वारा बाहेक यसो नगर्न मिल्ने तथ्यलाई ध्यानमा राखी यस्तो परिचयपत्र जारी गर्ने काम अथवा यस्तो निर्देशनको कार्यान्वयनलाई अहिले अनुमति दिन सकिँदैन । त्यसकारण यस मुद्दाको किनारा*

---

१८ Report of the Targeted Group Discussion on the Financial and Social Situations of Wives in the Families of the Disappeared conducted on Poush 14, 2069 B. S. Naubise, Dharke, Dhading, ICTJ.

१९ सुमन अधिकारी विरुद्ध नेपाल सरकारको प्रधानमन्त्रीको कार्यालय, २०७० साल श्रावण ९ गते दायर गरिएको रिट नम्बर ०७०-व-००३२ ।

*नलागेसम्म, यस निर्देशनको कार्यान्वयन नगर्नू र अहिले जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा यसको कार्यान्वयनलाई रोक्नू ।*

यस्ता मुद्दाहरूलाई किनारा लगाउनका लागि सर्वोच्च अदालतले लिने समय सामान्यतया दुई वर्ष र ६ महिना हुन्छ । त्यसकारण रणनैतिक रूपमा हस्तक्षेप गरिएको अवस्थामा बाहेक यस निर्देशनको कार्यान्वयन कम्तीमा पनि दुई वर्ष हुँदैन । यसका अतिरिक्त, यस मुद्दामा फैसला नहुन्जेलसम्म यो सवाल अदालतमा विचारधीन भएकाले नेपाल सरकारले सम्भवत: यसका कुनै पनि विकल्पका बारेमा विचार गर्ने छैन ।

## २.४ प्रतिनिधित्वसँग सम्बन्धित सवालहरू

**बेपत्ता पारिएका व्यक्तिहरूका विरुद्ध दायर गरिएका मुद्दाहरूमा प्रतिनिधित्व तथा बचाउको समस्या**

माथि उल्लेख गरिसकिएझैं बेपत्ता पार्ने कार्य भएको पहिलो दिनको ३५ दिनभित्र बेपत्ता पारिएको व्यक्तिको कुनै पनि अंशियारले बेपत्ता पारिएको निज व्यक्तिका तर्फबाट मुद्दामा उपस्थित हुन सक्छ भनी मुलुक ऐनको "अदालती बन्दोवस्त" सम्बन्धी महल नम्बर ६२ (३) मा बताइएको छ । तर धेरैजसो घटनाहरूमा व्यक्तिहरू थुनामा रहेको अवधिमा बेपत्ता पारिन्छन् र उनीहरूलाई थुनामा राखिएको व्यक्ति अथवा बेपत्ता पारिएको व्यक्ति के ठान्ने भनी तिनका परिवारहरू दोधारमा हुन्छन् । यस कारणले गर्दा परिवारको कुनै पनि सदस्य ३५ दिनको म्याद गुज्रनुभन्दा पहिले कुनै पनि चालू अदालति कार्यविधिमा उपस्थित हुन सकेनन् ।

कर अधिकृत, औपचारिक क्षेत्रका ऋण दिने संस्था, नगरपालिका अधिकृत, मालपोत अधिकृत तथा अन्य सार्वजनिक सेवा प्रदायकहरूसमक्ष बेपत्ता पारिएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने कार्यमा समस्याहरू आन्तरिक तथा बाह्य राजस्व सङ्कलन गर्ने कार्यालय तथा अन्य सेवा प्रदायकहरूलगायत राजस्व तथा शुल्क सङ्कलन गर्ने धेरैजसो सरकारी कार्यालयहरूले बेपत्ता पारिएको व्यक्तिको प्रतिनिधित्व गर्नका लागि त्यस्ता व्यक्तिको परिवारको सदस्यलाई अनुमति दिँदैनन् । सबैजसो तर अपवादका केही मुद्दाहरूमा सम्पत्ति नामसारी गर्ने अथवा बिजुली अथवा पानी आपूर्तिका लागि ग्राहक नामसारी गर्नका लागि समेत मृत्युको प्रमाणपत्र ती कार्यालयहरूमा आवश्यक हुन्छ ।

## २.५ अपुताली, सम्पत्तिको नामसारी तथा दायित्वसँग सम्बन्धित सवालहरू

- **बेपत्ता पारिएको व्यक्तिको सम्पत्ति निजको अंशियारका नाममा नामसारी गर्ने कार्यका समस्याहरू**
  - **मोटर गाडी, बैङ्क निक्षेप, शेयर, उपदान तथा निवृत्तिभरणजस्ता चल सम्पत्ति**
    मृत्युको प्रमाणपत्रविना माथि उल्लिखित कुनै पनि सम्पत्ति बेपत्ता पारिएको व्यक्तिको हकवाला अथवा हकवालाहरूका नाममा नामसारी हुन सक्दैन अथवा अपुताली कायम पास हुन सक्दैन । परिवारहरूले या त १२ वर्ष कुर्नुपर्छ अथवा झूटो जानकारी दिएर गाविसबाट मृत्युको प्रमाणपत्र लिनुपर्छ ।
  - **अचल सम्पत्ति, घर, जमिन, मोहियानी हक**
    अचल सम्पत्तिको सबै नामसारी नेपालका मालपोत कार्यालयहरूमध्ये कुनै एकमा लगत राख्नुपर्ने भएको र लिखत दर्ता गर्नुपर्ने भएको कारणले गर्दा बेपत्ता पारिएको व्यक्तिको मुद्दाका

हकमा कुनै पनि नामसारीको कार्यान्वयन हुन सक्दैन ।[२०] बेपत्ता पारिएको व्यक्तिको परिवारले या त तोकिएको १२ वर्ष कुर्नुपर्छ अथवा झूटो जानकारी उपलब्ध गराएर गाविसबाट मृत्युको प्रमाणपत्र लिनुपर्छ ।[२१] यस प्रावधानले गर्दा बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूले आफ्नो श्रीमान्‌को सम्पत्ति आफ्नो नाममा नामसारी गरी रजिष्ट्रेशन गर्न नपाएको कारणले गर्दा त्यस्ता व्यक्तिका श्रीमतीहरू इच्छा नहुँदा-हुँदै पनि आफ्ना सासू-ससुराहरूसँग बस्न बाध्य छन् ।[२२] श्रीमतीहरूलाई उनीहरूको अंश दिन पनि अस्वीकार गरिएको छ ।[२३]

मोहियानी हकको नामसारी नेपालको भुमिसुधार कार्यालयहरूबाट हुन सक्छ[२४] र भुमिसुधार कार्यालयले मोहीको मृत्यु प्रमाणित भएमा मात्र मोहियानी हकको नामसारी गर्न सक्छ । बेपत्ता पारिएको भनी गरिएको दाबी भूमि सुधार कार्यालयका लागि कारबाही गर्नका निमित्त पर्याप्त हुँदैन ।

- **धितो राखिएको पारिवारिक साझा सम्पत्ति**
  धेरैजसो घटनाहरूमा बेपत्ता पारिएका व्यक्तिहरूले बैङ्क अथवा अन्य वित्तीय संस्थाहरूमा परिवारको सम्पति धितोको रूपमा राखेका छन् । जब तिनका परिवारहरूले ऋण तिर्नका लागि र आफ्ना आवश्यकताहरू पूर्ति गर्नका लागि सो सम्पति बेच्न चाहे, तब सो सम्पति आफूले बेच्न नसक्ने कुरा उनीहरूले थाहा पाए । स्पष्ट शब्दमा भन्ने हो भने, जुन ऋणका लागि सम्पति धितो राखिएको हो, सो ऋण तिरिसकेपछि पनि बेपत्ता पारिएको व्यक्तिको मृत्यु प्रमाणित नहुन्जेलसम्म ती परिवारहरूले सो सम्पति बेच्न पर्खनै पर्छ । यस्ता धेरै घटनाहरूमा, यस प्रावधानको फलस्वरूप धेरै परिवारहरू लिलामका लागि धितो राखिएको सम्पति परित्याग गर्न बाध्य भएका छन् किनभने धितोबापतको रकम तिर्नका लागि उनीहरूसँग अन्य पर्याप्त स्रोत हुँदैनन् ।

## २.६ मृत्युको अनुमान गर्ने बाध्यता

धेरैजसो प्रशासनिक अधिकारी तथा अदालतहरूले अनुपस्थित भएको १२ वर्ष बितेपछि मात्र मृत्युको अनुमान गर्छन् तर यति भएपछि पनि सम्बन्धित अधिकारीले मृत्युको अनुमान नगरेसम्म अथवा परिवारको सदस्यले यसमा दाबी नगरेसम्म उत्तराधिकारको हक स्थापित हुन सक्दैन । बेपत्ता पारिएको व्यक्तिको सम्पति अर्को व्यक्तिका नाममा नामसारी गर्नका लागि अनुमति प्रदान गर्नुभन्दा पहिले मालपोत कार्यालय तथा बैङ्कहरूका लागि मृत्युको प्रमाणपत्र आवश्यक हुन्छ । कुनै सञ्चारविना १२ वर्षसम्म अनुपस्थित भएपछि मात्र गाविस सचिवले मृत्युको प्रमाणपत्र जारी गर्न सक्छन् । अर्को शब्दमा भन्ने हो भने सम्बन्धित पक्षहरूद्वारा बेपत्ता पारिएको व्यक्तिको मृत्यु स्वीकार नगरुन्जेलसम्म निजको सम्पत्तिमा उत्तराधिकारको हक स्थापित गर्नु असम्भव हुन्छ ।

२० धारा १,"रजिस्ट्रेसन", *मुलुकी ऐन*, २०२० ।
२१ Report of the Targeted Group Discussion on the Financial and Social Situations of Wives in the Families of the Disappeared, Kapilvastu, Narad Ram Paudel, ICTJ; ICTJ Case Study of Naradram Paudel, Chanayi, VDC-1, Kapilvastu.
२२ ICTJ Case Study of Radhika Sapkota, Jiwanpur VDC-9, Dhading.
२३ Report of the Targeted Group Discussion on the Financial and Social Situations of Wives in the Families of the Disappeared conducted on Pouh 14, 2069 B. S. Naubise, Dharke, Dhading, International Center for Transitional Justice.
२४ दफा २६, भूमि ( सम्बन्धी) ऐन, २०२१ ।

नवलपरासी जिल्लाको अपवादस्वरूपको एउटा मुद्दामा मालपोत कार्यालयले मृत्युको प्रमाणपत्र नहुँदा-नहुँदै पनि बेपत्ता व्यक्तिको नामको सम्पत्ति निजकी श्रीमती र बच्चाहरूका नाममा नामसारी गरिदियो यद्यपि निजकी श्रीमतीले उनका श्रीमान्को मृत्यु भएको कुरा मान्न ठाडै इन्कार गरिन् र सोको विपरीत आवेदन दिन अस्वीकार गरिन् । यस सम्बन्धमा मालपोत अधिकृतले सम्पत्ति नामसारी गर्ने निर्णय गरे किनभने परिवारको दावी विपरीत उनी आफैंले वेपत्ता भएको १२ वर्ष व्यतित भै सकेको भनी निज व्यक्तिको मृत्यु भइसकेको अनुमान गरे । सम्पत्तिमा उत्तराधिकारको हक कायम गर्न अथवा नामसारी गर्नका निमित्त बेपत्ता पारिएको व्यक्तिको परिवारले निजको मृत्यु भएको कुरा घोषणा गर्न अथवा मौन रूपमा स्वीकार गर्न नचाहँदा-नचाहँदै पनि बाध्य हुन्छ भन्ने तथ्य यस घटनाबाट देखिन्छ ।[२५]

## २.७. बेपत्ता पारिएको व्यक्तिको श्रीमान्/श्रीमतीको पुनर्विवाह र बेपत्ता पारिएको व्यक्तिसँगाको वैवाहिक सम्बन्ध विच्छेद

जीवित व्यक्तिसँगाको वैवाहिक सम्बन्धको मात्र विच्छेद हुन सक्छ । वैवाहिक सम्बन्ध विच्छेदका लागि श्रीमान् या श्रीमतीमध्ये कुनै एकले अदालतमा अर्काका विरुद्ध उजुरी गर्नु आवश्यक हुन्छ । बेपत्ता व्यक्तिका हकमा, जबसम्म उसको हैसियत बेपत्ता पारिएको भन्ने रहिरहन्छ र ऊ जीवित नै भन्ने रहिरहन्छ, तबसम्म उससँग भएको विवाहले मान्यता प्राप्त गरिरहन्छ । यदि वैवाहिक सम्बन्ध विच्छेद भएको छैन भने पुनर्विवाह भनेको दोश्रो विवाह वा जारी गरेको ठहरिन्छ । यसरी अर्को विवाह गन कसुरमा संलगन बेपत्ता पारिएको व्यक्तिकी श्रीमतीले आफनो वेपत्ता पतिको सम्पत्तिमाथिको अंश पाउने हक गुमाउँछिन् ।

अन्य घटनाहरूमा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारहरुले त्यस्ता व्यक्तिका पत्नी लाई पुनर्विवाह गर्न दबाब दिन्छन् । कहिले-काँही यस्तो दबाब बेपत्ता पारिएको व्यक्तिकी श्रीमतीले पुनर्विवाहपछि निजको पहिलो, बेपत्ता पारिएको श्रीमान्को कुनै पनि सम्पत्ति नपाऊन् भनी दिइन्छ ।[२६]

## २.८ देवरसँग पुनर्विवाह गर्ने बेपत्ता पारिएको व्यक्तिकी श्रीमतीको परिवर्तित वैवाहिक हैसियत

बेपत्ता पारिएको व्यक्तिकी श्रीमतीले यदि पुनर्विवाह गरिन् भने बेपत्ता पारिएको व्यक्तिको सम्पत्तिमाथिको अंशियारको हकमाथिको दाबी उनले गुमाउँछिन् र हालको श्रीमान्को सम्पत्तिमाथि मात्र उनको हक लाग्छ । केही संस्कृतिहरूमा जसरी दोस्रो विवाहलाई अनुमति प्राप्त छ, त्यसरी नै देवरसँग पुनर्विवाह गर्नुलाई अनुमति दिइएको छ । देवरहरूले बेपत्ता पारिएका दाजुका श्रीमतीहरूसँग पुनर्विवाह गरेको, यसरी पुनर्विवाह गर्नुको उद्देश्य पहिलेको श्रीमान्को सम्पत्तिमाथि त्यस्ता श्रीमतीहरुले उनीहरूको हक गुमाऊन् भन्ने रहेको र त्यसपछि तिनलाई छोड्ने गरेको जानकारीहरु केही जिल्लाहरूबाट प्राप्त भएको छ ।

---

२५ Report of the Targeted Group Discussion on the Financial and Social Situations of Wives in the Families of the Disappeared, Kapilvastu, Narad Ram Poudel, ICTJ.

२६ ICTJ Case Study of Radhika Sapkota, Jiwanpur VDC-9, Dhading.

## २.९ विधवा र बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूका बीचमा भेदभाव

विधवा र बेपत्ता पारिएका व्यक्तिका पत्नीहरूका बीचमा पनि समान रूपमा व्यवहार गरिँदैन । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले विधवाका तुलनामा बेपत्ता पारिएका व्यक्तिका पत्नीहरू कम रकम अनुदान दिने गर्दथ्यो र अहिले सो अनुदान दिने गरेको छैन । नेपाल सरकारले आर्थिक ऐनअन्तर्गत विधवाहरूलाई मात्र सामाजिक सुरक्षाबापत मासिक भत्ता उपलब्ध गराउँछ, बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूलाई यस्तो भत्ता उपलब्ध गराउँदैन ।

# ३. सम्भावित समाधानहरू

## ३.१ केही सवालहरूमा सरकारको निर्देशन

नेपाल सरकारले केही सवालहरूमा निर्देशन जारी गर्न सक्छ । यद्यपि निर्देशन जारी गर्नु सरकारका प्राथमिकताहरू मध्येको प्राथमिकता नहुन सक्छ तर खास सवालहरूमा खास कार्यविधि निर्धारण गर्नका निमित्त निर्देशन जारी गर्ने अधिकार प्रशासयिक कार्यविधि (नियमित गर्ने ) ऐन, २०१३ अन्तर्गत सरकारलाई छ । खास गरी सरकारले अंशियारको हक सम्बन्धी मुलुकी ऐनमा व्यवस्था भएबमोजिम बेपत्ता पारिएका व्यक्तिको स्वामित्व सम्बन्धी हकको नामसारीका सम्बन्धमा उपयुक्त निर्देशन जारी गरिदिनु आवश्यक छ । यस्तो निर्देशनबाट कानुनमा संशोधन त हुन सक्दैन तर विद्यमान कानुन र सर्वोच्च अदालतका निर्णयहरूको कार्यान्वयन हुन्छ ।

कानुनबमोजिम मृतकका श्रीमान्/श्रीमती, छोराहरू तथा अविवाहित छोरीहरूको निजको सम्पत्तिको उत्तराधिकारमाथि बराबर हक हुन्छ । सामान्यतया, जब उत्तराधिकार सम्बन्धी हकका आधारमा स्वामित्व नामसारी गरिन्छ, तब जिल्ला मालपोत कार्यालयहरूले परिवारका सबै सदस्यहरूको संयुक्त नाममा अथवा सबैको सहमति कायम गरिसकेपछि ती अंशियारहरूमध्ये कुनै एक अथवा एकभन्दा बढी अंशियारहरूका नाममा सम्पत्ति नामसारी गरिदिन्छ । परिवारको कुनै एक सदस्यको नाममा उत्तराधिकारस्वरूप प्राप्त सम्पत्तिको नामसारीबाट सो सम्पत्तिमाथिको परिवारका अन्य सदस्यहरूको हक बदर हुँदैन भनी धेरै मुद्दाहरूमा सर्वोच्च अदालतले निर्णय गरेको छ ।[२७] वास्तवमा, कुनै एक अंशियारका नाममा गरिएको साझा सम्पत्तिको नामसारीबाट सो साझा सम्पत्तिमाथिको अरू अंशियारहरूको अंशमाथिको अधिकारलाई कुनै पनि रूपमा असर गर्दैन । अत: नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिका अंशियारहरूलाई आंशिक स्वामित्व नामसारी गरिदिन मालपोत कार्यालयहरूलाई निर्देशन जारी गर्नु उपयुक्त हुन्छ ।

---

२७ महेशकुमार गोर्खाली विरुद्ध कृष्णलाल, नेपाल कानून पत्रिका, २०६९, पृष्ठ १५९७, सुकै चमार विरुद्ध बस्तोही चमार, नेपाल कानून पत्रिका, पृष्ठ ३८१ ।

## ३.२ नेपालका कानुनहरूमा आवश्यक परिवर्तन तथा यस्ता परिवर्तनहरूको औचित्य

माथि उल्लेख गरिएका समस्याहरूको दीर्घकालीन समाधानका निमित्त नेपालका बेपत्ता पारिएका व्यक्तिहरू सम्बन्धी मुलुकी ऐन तथा सम्पत्ति सम्बन्धी कानुनमा या त नयाँ कानुन लागू गरेर अथवा प्रचलित कानुनहरूमा संशोधन गरेर परिवर्तन गर्नुपर्छ । अर्जेन्टिना[२८] तथा ब्राजिल[२९] जस्ता मुलुकहरूले बेपत्ता पारिएका व्यक्तिहरूको कानुनी हैसियतका बारेमा कारबाही गर्ने छुट्टै कानुनको तर्जुमा गरेका छन् । दुवै मुलुकहरूले बेपत्ता पारिएका व्यक्तिहरूलाई कानुनी रूपमा मृतकको रूपमा कारबाही गर्दछन् ।

### ३.२.१ बेपत्ता पारिएका व्यक्तिका परिवारहरूद्वारा सामना गरिएका देवानी तथा कानुनी सवालहरूलाई सम्बोधन गर्न र बेपत्ताको स्थितिको कानुनी पहिचानका लागि कानुनी ढाँचा तल उल्लेख गरिए बमोजिमको हुन सक्छ

**बेपत्ता पारिएका व्यक्तिहरूका परिवार (कानुनी सशक्तीकरण तथा बाधा-अड्काउ फुकाउने) सम्बन्धी ऐन**

बेपत्ता पारिएका तथा बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूद्वारा सामना गरिएका देवानी, कानुनी तथा प्रशासनिक बाधाहरू, त्यससँग सम्बन्धित अथवा प्रासङ्गिक विषयहरूमा सुधार ल्याउनका निमित्त तर्जुमा गरिएको ऐन ।

**परिच्छेद १ नाम र क्षेत्राधिकार**

(१) यस ऐनलाई बेपत्ता पारिएका परिवार (कानुनी सशक्तीकरण तथा बाधा अड्काउ फुकाउने) सम्बन्धी ऐन, २०७१ भनिनेछ ।

(२) यसका प्रावधानहरू नेपालभर लागू हुनेछन् ।

(३) यसका प्रावधानहरू नेपालबाहिर बस्ने बेपत्ता पारिएका व्यक्तिका परिवारहरूलाई पनि लागू हुने छन् ।

(४) यो कानुन राष्ट्रपतिद्वारा स्वीकृत गरिएपछि तुरुन्तै लागू हुनेछ ।

**परिच्छेद २ बेपत्ता पारिएको व्यक्तिको परिभाषा**

(१) यस कानुनमा प्रसङ्गले अन्यथा अर्थ लागेमा बाहेक "बेपत्ता पारिएको व्यक्ति" भन्नाले .................. र .......................... का बीचमा भनी अभियोग लगाइएको सशस्त्र सङ्घर्ष अथवा राजनीतिक गतिविधिहरूका सम्बन्धमा भएको र त्यसको फलस्वरूप भएको अपहरण, गिरफ्तारी, थुना अथवा वैयक्तिक स्वतन्त्रताबाट बञ्चित पार्ने कुनै पनि कार्यको फलस्वरूप कुनै व्यक्ति हाल कहाँ छ भनी थाहा नभएको व्यक्ति सम्झनुपर्छ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि यस ऐनको अनुसूची १ मा नाम दिइएका व्यक्तिहरूलाई अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक "बेपत्ता पारिएका व्यक्ति" मानिनेछन ।

**परिच्छेद ३ बेपत्ता पारिएका व्यक्तिका पारिवारको परिभाषा**

(१) यस ऐनमा बेपत्ता पारिएको व्यक्तिका परिवार अन्तर्गत देहायमा लेखिएबमोजिमका व्यक्ति पर्नेछन् तर यी व्यक्तिकैमा मात्र सीमित भने हुने छैनन् :

(क) श्रीमान्/श्रीमती

(ख) बाबु-आमा

(ग) हजुरबा-हजुर आमा

(घ) दाजु-भाइ, दिदी-बहिनी

(ङ) छोरा-छोरी

(च) नाति-नातिनी ।

२८ Law No. 24,321, Argentina, 11 May 1994.
२९ Law No. 9,140, Brazil, 4 December 1995.

(२) उपदफा १ मा जेसुकै लेखिएको भए तापनि कानुनी दर्ताको अभावमा विवाहको प्रमाण स्थापित गर्नका निमित्त मौखिक अथवा लिखित प्रमाणको प्रयोग गर्न सकिनेछ ।

**परिच्छेद ४ बेपत्ता पारिएको व्यक्तिलाई कानुनी रूपमा अनुपस्थित भनी मानिने**

(१) बेपत्ता पारिएका सम्पूर्ण व्यक्तिहरूलाई सम्पूर्ण कानुनी प्रयोजनहरूका लागि अनुपस्थित भनी ठानिनेछ ।

(२) यसरी अनुपस्थित ठान्ने कार्यका देवानी तथा कानुनी असरहरू कानुनी रूपमा मृत व्यक्तिका लागि लागू हुने असरसरह हुनेछन् ।

(३) हाल प्रचलित कुनै पनि कानुनमा जेसुकै लेखिएको भए तापनि यस्तो बेपत्ता पारिएको भनिएको व्यक्तिको सामाजिक अथवा व्यक्तिगत सम्बन्धको सञ्जाललाई अन्तिम पटक निजको अवस्था थाहा भएपछिको ३ वर्षपछि मात्र कानुनी अनुपस्थिति भएको ठानिनेछ ।

**परिच्छेद ५ बेपत्ता पारिएका व्यक्तिका परिवारहरूको सशक्तीकरण**

(१) नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका सदस्यहरूको परिचय खुल्ने गरी कार्ड जारी गर्नका निमित्त सम्पूर्ण आवश्यक व्यवस्था तत्काल गर्नेछ ।

(२) बेपत्ता पारिएको सम्बन्धित व्यक्ति र निजको परिवारका सदस्यहरूको नाम भएका कार्डहरू परिवारका सबै सदस्यहरूलाई जारी गरिनेछ ।

(३) उपदफा (१) र (२) मा जेसुकै लेखिएको भए तापनि बेपत्ता पारिएका व्यक्तिका परिवारहरूलाई प्रमाणपत्रका आधारमा प्रशासनिक सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) हाल प्रचलित कुनै पनि कानुनमा जेसुकै लेखिएको भए तापनि मृत्यु प्रमाणित गर्नका लागि मृत्युको प्रमाणपत्र हुनुपर्ने आवश्यकता बेपत्ता व्यक्तिका हकमा लागू हुनेछैन ।

**परिच्छेद ६ बेपत्ता व्यक्तिका श्रीमान्/श्रीमती**

(१) बेपत्ता व्यक्तिका श्रीमान्/श्रीमतीले अन्यथा चाहेको अवस्थामा बाहेक बेपत्ता पारिएका व्यक्तिहरूसँग भएको वैवाहिक सम्बन्ध विच्छेद भएको ठानिनेछ ।

(२) बेपत्ता भएको व्यक्तिको श्रीमान्/श्रीमतीले पुनर्विवाह गर्न रोजेको खण्डमा बेपत्ता पारिएको व्यक्तिको आधा सम्पत्तिमा निजको हक लाग्नेछ ।

(३) बेपत्ता पारिएको व्यक्तिका श्रीमान्/श्रीमतीलाई सो दम्पतिबाट जन्मेका बच्चाहरूमाथि प्राथमिकतापूर्वक हेरचाह गर्ने अधिकार हुनेछ ।

**परिच्छेद ७**

यस ऐनका देवानी तथा कानुनी असरहरू मात्र हुनेछन् । जबर्जस्ती बेपत्ता पार्ने कार्य रोकिएको छ अथवा कानुनी अनुपस्थितिबाट अपराधको प्रक्रिया (iter criminis) अवरुद्ध हुन्छ अथवा हद-म्याद सम्बन्धी कानुनको प्रयोगका लागि कानुनी अवधि सुरु गर्नका लागि अनुमति प्रदान गर्दछ भन्ने अर्थ लाग्ने गरी यस कानुनमा लेखिएको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

**परिच्छेद ८**

यस कानुनका प्रावधान र यसअन्तर्गत लागू गरिएका योजनाहरू यसमा लेखिएका प्रावधानहरूसँग बाझिन गएका खण्डमा अथवा हाल प्रचलित कुनै पनि कानुनमा भएका प्रावधानहरूसँग मेल नखाएका खण्डमा पनि लागू हुनेछन् ।

### ३.२.२ प्रचलित कानुनहरूमा संशोधन

सुझाव गरिएका संशोधनहरू देहायमा लेखिएबमोजिम छन् :

(क) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता

गर्ने) ऐन २०६३ मा परिवर्तन गर्नुहोस् । बेपत्ता पारिने कार्यलाई व्यक्तिगत घटनामा समावेश गर्नुहोस् र बेपत्ता पार्ने कार्यको रेकर्ड राख्ने र प्रमाणपत्र दिने व्यवस्था गर्नुहोस् ।

(ख) बेपत्ता पार्ने कार्यसँग सम्बन्धित उत्तराधिकार तथा प्रतिनिधित्व सम्बन्धी कानुनमा परिवर्तन गर्नुहोस् ।

- तोकिएकोभन्दा बढी अवधिसम्म लगातार बेपत्ता पारिएका व्यक्ति सम्बन्धी मुद्दाहरूमा बेपत्ता पारिएको व्यक्तिको सम्पत्तिमा अंशवन्डा लाग्न सक्छ अथवा कानुनी मान्यताप्राप्त उत्तराधिकारीलाई त्यसको स्वामित्वको नामसारी हुन्छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।
- निश्चित अवधि (सम्भवत : ६ महिना बितिसकेपछि) फर्कने सम्भावना एकदमै न्यून भएका बेपत्ता पारिएका घटनाहरू/दुर्घटना, युद्ध, प्राकृतिक अथवा मानवजन्य प्रकोपपछि जस्ता) मा सम्पत्तिको नामसारी अथवा उत्तराधिकारको हकका साथसाथै ऋण लिने काम, चल सम्पत्तिको नामसारी तथा सार्वजनिक सुविधाहरूको ग्राहक बन्ने कार्य र मुद्दामा प्रतिनिधित्व गर्ने कार्यलाई अनुमति दिनुहोस् ।
- बैङ्कको निक्षेप, निवृत्तिभरण तथा उपदान उत्तराधिकारस्वरूप प्राप्त गर्नका लगि र धितो राखिएको सम्पत्ति बेच्नका लागि बेपत्ता पारिएको व्यक्तिको श्रीमान्/श्रीमतीले अनुमति प्राप्त गर्ने गरी बैङ्किङ तथा सेवा सम्बन्धी ऐनहरू परिवर्तन गर्नुहोस् ।

(ग) सम्पत्ति तथा विवाह सम्बन्धी कानुनमा सामञ्जस्य

विवाह तथा वैवाहिक सम्बन्धलाई नियमन गर्ने कानुनहरूलाई हालका आवश्यकताहरूको पूर्ति गर्नका निमित्त परिवर्तन गर्नु आवश्यक छ । तिनमा कम्तीमा पनि देहायमा लेखिएका प्रावधानहरू हुनै पर्छ :

- संयुक्त परिवारको सम्पत्ति तथा आफ्ना श्रीमानहरूको आर्जनका सम्बन्धमा विधवा तथा बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूको दायित्व तथा अधिकारका सम्बन्धमा यी दुवैको कानुनी हैसियत समान हुनुपर्दछ ।
- बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूले सामाजिक सुरक्षा भत्ता, सुविधा, साझा सम्पत्तिको अंशबन्डा, अपुताली, विवाह, पुनर्विवाह र वैवाहिक सम्बन्ध विच्छेदका सम्बन्धमा विधवासरहका हक पाउनेछन् ।
- विधवाले जस्तै बेपत्ता पारिएको व्यक्तिकी श्रीमतीलाई पुनर्विवाह गर्नुभन्दा पहिले आफ्नो श्रीमान्को सम्पत्तिमा अंश पाउने अधिकार हुनेछ ।
- यदि बेपत्ता पारिएको व्यक्तिकी विधवा अथवा श्रीमतीले पुनर्विवाह गरेका खण्डमा पहिलेका श्रीमान्को सम्पत्तिमाथिको निजको अधिकारमाथि कुनै असर पर्नेछैन ।
- बेपत्ता पारिएका व्यक्तिहरूको ठूलो सङ्ख्या निम्न मध्यम र मध्यम वर्गका छन् । केही व्यक्तिहरू आफ्नो जीवन रक्षाका लागि मोहियानी हकमाथि निर्भर छन् तर उनीहरू आफ्नो नाममा मोहियानी हक नामसारी गर्न सफल भएका छैनन् । भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६ मा बेपत्ता पारिएको व्यक्तिको मोहियानी हकको नामसारी निजको कानुनी उत्तराधिकारीलाई नामसारी गर्ने अनुमति प्रदान गर्नका लागि संशोधन गर्नुपर्दछ ।

# ४. यी परिवर्तनहरू गर्नका लागि रणनीतिहरू

कानुन संशोधन गर्ने कुरा जटिल तथा समय लाग्ने प्रक्रिया हो र यसमा सम्पूर्ण सरोकारवालाहरूको सहकार्यमूलक प्रयासको आवश्यकता पर्दछ । रणनीतिविना कुनैपनि परिवर्तन हासिल गर्न कठिन हुनेछ।

## ४.१ नेपाल सरकारसमक्ष औपचारिक निवेदन पेश

बेपत्ता पारिएका व्यक्तिका परिवारहरू तथा यस क्षेत्रमा क्रियाशील गैर-सरकारी सङ्गठनहरूले प्रस्तावित संशोधन, समस्या र परिवर्तनको क्षेत्राधिकारको रूपरेखा प्रस्तुत गर्दै तीन लहर भएको तालिका (three-column table) को प्रयोग गरी विभिन्न ऐनहरूमा संशोधन गर्नका लागि नेपाल सरकारसमक्ष औपचारिक निवेदन पेश गर्नुपर्दछ ।

## ४.२ सञ्चार माध्यमको प्रयोग

बेपत्ता परिएका व्यक्तिका परिवारहरूका सवालहरू न नेपाल सरकारका प्राथमिकता हुन्, न त सञ्चार माध्यम सम्बन्धी सङ्गठनहरूकै । सञ्चार माध्यमहरू यी परिवारका दु:ख र ठूलो परिमाणमा सचेत छैनन् र सङ्क्रमणकालीन न्यायको प्रयोग हालै गठन गरिएको सत्य तथा मेलमिलाप आयोग, बेपत्ता पार्ने कार्यको अपराधीकरण र दोषीहरूमाथि कारवाही गर्दा मात्र हुन्छ भन्ने गलत विश्वास उनीहरूको छ । उनीहरूले "नरम सवालहरू " (soft issues) को विरलै जाँच गरेका छन् । यति हुँदा-हुँदै पनि सञ्चार माध्यमहरूले यी सवालहरूका बारेमा सामान्य जनमत थाहा पाउने कुरामाथि जोड दिन सक्छन् र प्रचलित कानुनमा आवश्यक संशोधन गर्नका लागि नेपाल सरकार तथा संसद्लाई दबाब दिन सक्छन् ।

## ४.३ राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोगको समर्थन जुटाउने कार्य

यी दुवै आयोगहरूको समर्थन आफ्नो पक्षमा जुटाउन सकिन्छ जसले गर्दा उनीहरूले नेपाल सरकार तथा सांसद्हरूसँग बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका तर्फबाट पैरवी गर्न सुरु गरून् । ती आयोगहरू औपचारिक, वैधानिक संस्था भएको कारणले गर्दा यी सङ्गठनहरूका आवाजमाथि गम्भीरतापूर्वक ध्यान दिइनेछ ।

## ४.४ शान्ति तथा पुनर्निर्माण मन्त्रालयका विरूद्ध सार्वजनिक हितको मुद्दा

परिचयपत्र जारी गर्ने विचार बाबुराम भट्टराईको सोचाइको परिणाम थियो तर परिचयपत्र जारी राख्ने कार्यलाई व्यवहारमा प्रयोगमा ल्याउनका निमित्त शान्ति तथा पुनर्निर्माण मन्त्रालय र विद्यमान सरकारको प्रतिबद्धता आवश्यक हुन्छ तर यी दुवैले चासो देखाएका छैनन् । यद्यपि रिट निवेदनलाई खारेज गर्न सम्भव छैन तर सार्वजनिक हितको मुद्दा यस्तो पहल गर्नका लागि, विशेष गरी यदि सञ्चार माध्यमहरूले निवेदनको पक्ष लिएका खण्डमा सम्बन्धित अधिकारीहरूलाई बाध्य पार्न प्रयोग गर्न सक्छन् ।

## ४.५ उत्तराखण्डमा बेपत्ता भएका व्यक्तिका परिवारसँग सहकार्य

२०७० सालको श्रावण १ र २ गते भएको मुसलधारे पानी र भारी वर्षाको कारणबाट उत्तराखण्डका १३ जिल्लाहरूमध्ये चार जिल्ला अर्थात् रूद्रप्रयाग, चमोली, उत्तरकाशी र पिथोरागढ एकदमै नराम्रोसँग प्रभावित भए । करिब ५,००० व्यक्तिको मृत्यु भयो र त्यस क्षेत्रमा काम गरिरहेका अथवा तीर्थयात्रामा गएका ५० नेपालीसहित १,७०० जना बेपत्ता भए भन्ने रिपोर्ट छ । बेपत्ता भएका व्यक्तिहरूमा काठमाडौंका ७ जना वृद्ध-वृद्धाहरू छन् । भारतीय प्रहरीले बेपत्ता प्रमाणपत्र जारी गरेको छ तर यी प्रमाणपत्रहरू मृतकको सम्पत्तिको व्यवस्थापन गर्ने कार्यमा खासै उपयोगी भएका छैनन् । काठमाडौंको बानेश्वरकी बासिन्दा मुग्धा उपाध्याय, उनकी छोरी र बेपत्ता भएका व्यक्तिहरूको कानुनी उत्तराधिकारीले बेपत्ता पार्ने यस्ता कार्यका कानुनी परिणामहरूलाई सम्बोधन गर्नका निमित्त सार्वजनिक हितमा मुद्दा दायर गर्ने योजना गरिरहेका छन् । जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिका परिवारहरू यसमा सामेल भएका खण्डमा उनको नालिस बढी प्रभावकारी हुनेछ ।

# ५. अन्य सिफारिसहरू

## ५.१ बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका लागि कानुनी सूचनाको प्रचार-प्रसार

बेपत्ता पारिएका व्यक्तिका परिवारहरूमा उपयुक्त कानुनी जानकारीको अभाव छ र यस कारणले गर्दा उनीहरू शोषण तथा दुर्व्यवहारप्रति अत्यन्तै सङ्कटासन्न छन् भन्ने तथ्य ती परिवारहरूसँग लिइएका अन्तर्वार्ताहरूबाट प्रष्ट भएको छ । सरल भाषामा व्याख्या गरिएका सान्दर्भिक कानुन, मुद्दा तथा कार्यविधिहरूसहितको पुस्तिका प्रकाशन गरेका खण्डमा यसबाट यो कमी-कमजोरी हटाउन मदत पुग्नेछ ।

## ५.२ नि:शुल्क कानुनी सेवा तथा परामर्श उपलब्ध गराउने वकिलहरूको समूह गठन

अनुभवी वकिलहरूसँगको कानुनी परामर्शमा पहुँच उपलब्ध गराउनु धेरै उपयोगी हुन सक्छ जसले गर्दा बेपत्ता पारिएका व्यक्तिका परिवारहरूले शङ्काका बुँदाहरू स्पष्ट पार्न र प्रश्न सोध्न सकून् । नि:शुल्क सहयोग उपलब्ध गराउन इच्छुक वकिलहरूको समूह र सेवाका प्रावधानहरूलाई व्यवस्थापन गर्ने संयन्त्रको गर्नु लाभदायक हुनेछ ।

# अनुसूची १

## अन्तर्वार्ता लिइएका व्यक्तिहरूको सूची

- अजय महरा
- भागिराम चौधरी (बर्दिया)
- भीम बहादुर नेपाली (जुम्ला)
- धर्म बहादुर चौधरी (कञ्चनपुर)
- गंगा पोखरेल
- गीता रसाईली (काभ्रे)
- जस बहादुर राई (उदयपुर)
- पुनम शर्मा
- राजिव चौधरी
- राम कुमार भण्डारी
- रामकरण शर्मा (धनुषा)
- रामु जागिर चौधरी (कपिलबस्तु)
- रेणु कर्ण (सिरहा)
- साबित्री खड्का (बाग्लुङ
- सन्तोष मिश्र
- शर्मिला लामा (काभ्रे)
- श्री कुमारी रोका (रोल्पा)
- सुमन आचार्य
- टंक देवी काफ्ले (झापा)
- जिनिता ढकाल

# अनुसूची २

## समीक्षा गरिएका प्रतिवेदनहरूको सूची

नेपालमा बेपत्ता परिवारहरू, परिमार्जित सूची, रेडक्रसको अन्तराष्ट्रिय समिति, २०१४, यस वेवसाइटमा पनि उपलब्ध छ https:®®www.icrc.org®en®document®missing-persons-nepal-right-know-updated-list-2014#.VQZx_ukcQdU

- नेपालमा बेपत्ता परिवारका आवश्यकताहरू: एक अध्ययन, अप्रिल २००९, रेडक्रसको अन्तराष्ट्रिय समिति, यस वेबसाइटमा पनि उपलब्ध छ

https:®®www.icrc.org®eng®resources®documents®report ®nepal-missing-persons-report-300609.htm

- कपिलबस्तु, बर्दिया र धादिङ मा बेपत्ता परिवारहरूका श्रीमतीहरूको आर्थिक तथा सामाजिक अवस्थाहरूबारे पुष २०६९ मा लक्षित समूहसँग गरिएको छलफलको प्रतिबेदन, संक्रमणकालिन न्यायका लागि अन्तराष्ट्रिय केन्द्र (आइसीटीजे)
- राहत पश्चात: बेपत्ता परिवारका श्रीमतीहरूका अधिकार तथा आवश्यकता, संक्रमणकालिन न्यायका लागि अन्तराष्ट्रिय केन्द्र (आइसीटीजे) ब्रिफीङ, अगस्त २०१३

# अनुसूची ३

## कानुन तथा मुद्दाहरूको सूची

- कानून नम्बर 24,321, Argentina, 11 May 1994
- कानून नम्बर 9,140, Brazil, 4 December 1995
- उमादेवी पोखरेल विरुद्ध लेखनाथ पोखरेल, निर्णय नम्बर १५२६, नेपाल कानून पत्रिका, २०३९, पृष्ठ १
- सोनमादेवी सोनार्नी विरुद्ध रामेश्वरदेवी सोनार्नी, निर्णय नम्बर ३७००, नेपाल कानून पत्रिका, २०४४, पृष्ठ ५४
- सुकै चमार विरुद्ध बस्तोही चमार, निर्णय नम्बर ६५६७, नेपाल कानून पत्रिका, २०५५, पृष्ठ ३८१
- सावित्री थापा र अन्यका विरुद्ध पार्वती थापा, निर्णय नम्बर ७८१४, नेपाल कानून पत्रिका, २०६४, पृष्ठ १४०
- राजेन्द्र ढकाल तथा अन्यका विरुद्ध नेपाल सरकार, निर्णय नम्बर ७८१७, नेपाल कानून पत्रिका, २०६४, पृष्ठ १६९
- लीलाधर भण्डारी र अन्यका विरुद्ध नेपाल सरकार र अन्य, निर्णय नम्बर ८०१२, नेपाल कानून पत्रिका, २०६५, पृष्ठ १०८६
- बाबुराम गिरी विरुद्ध नेपाल सरकार र अन्य, निर्णय नम्बर ८०९६, नेपाल कानुन पत्रिका, २०६६, पृष्ठ ४१
- महेशकुमार गोर्खाली विरुद्ध कृष्णलाल, निर्णय नम्बर ८९०९, नेपाल कानून पत्रिका, २०६९, पृष्ठ १५९७
- सुमन अधिकारी विरुद्ध नेपाल सरकारको प्रधानमन्त्रीको कार्यालय, २०७० साल श्रावण ९ गते दायर गरिएको रिट नम्बर ०७०-व-००३२

## आईसीआरसीको लक्ष्य

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) निष्पक्ष, तटस्थ र स्वतन्त्र सङ्गठन हो जसको एक मात्र मानवीय लक्ष्य सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूबाट पीडित व्यक्तिहरूको जीवन र मर्यादाको संरक्षण गर्नु र उनीहरूलाई सहयोग उपलब्ध गराउनु हो । आईसीआरसीले मानवीय कानून र विश्वव्यापी मानवीय सिद्धान्तहरूको प्रवर्धन र तिनलाई सुदृढ पारेर पीडालाई रोक्ने प्रयत्न पनि गर्दछ । सन् १८६३ मा स्थापित आईसीआरसीबाट नै जेनेभा महासन्धिहरू तथा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको उत्पत्ति भएको हो । यसले सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूमा रेडक्रस अभियानद्वारा सञ्चालित अन्तर्राष्ट्रिय गतिविधिहरूको निर्देशन र समन्वय गर्दछ ।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)
पो.ब.नं. २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन : +९७७ १ ४१०७२८५/४१०७२७९ फ्याक्स्: +९७७ १ ४१०७१३७
इमेलः kathmandu@icrc.org www.icrc.org
© आईसीआरसी, जुलाई २०१५

लाहान
फोन : ०३३-५६२३२२

चितवन
फोन : ०५६–५२३११८

नेपालगञ्ज
फोन : ०८१-५२२२६२/५२५५६०
फ्याक्स्: ०८१-५२४४५६

ICRC

2015.0137/257 07.2015 500